सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ जेठ २०८१, बुधबार (22 May 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कान्तिपुरका अध्यक्ष सिरोहिया पक्राउ



प्रहरीले थापाथलीस्थित कार्यालयबाट पक्राउ गर्ने क्रममा पत्रकारलाई प्रतिक्रिया दिँदै सिरोहियाले भने-

म छानबिनलाई सघाउँछु। म यो देशको नागरिक हुँ। मविरुद्धको पक्राउ नागरिकताका कारण होइन, सहकारी ठगीसम्बन्धी समाचार लेखेका कारण हो। यो प्रेस स्वतन्त्रताविरुद्धको प्रहार हो।

नयाँ पत्रिका

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले मंगलबार थापाथलीस्थित कार्यालयबाट उनलाई पक्राउ गरेको हो। साँझ नै उनलाई धनुषा लगिएको छ।

सिरोहियाविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा दोहोरो नागरिकता लिएको उजुरी परेको थियो। जिल्ला अदालतले मंगलबार उनका नाममा पक्राउ पुर्जी जारी गरेको थियो। कानुन व्यवसायीसँगै रहेका सिरोहियालाई प्रहरीले कार्यालयमै पक्राउ पुर्जी दिएको थियो।

सिरोहियाले भने उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले प्रतिशोध साँध्न आफूलाई पक्राउ गरिएको बताएका छन्। सहकारी ठगीसम्बन्धी समाचार लेखेका कारण आफूलाई पक्राउ गरिएको उनको भनाइ छ।

'गृहमन्त्रीजीलाई भन्न चाहन्छु- कोही उजुरी परेकै आधारमा पक्राउ पर्छ भने गृहमन्त्रीजीको दुईवटा पासपोर्ट छ। यो के हुन्छ ? म छानबिनलाई सघाउँछु। म यो देशको नागरिक हुँ। मविरुद्धको पक्राउ नागरिकताका कारण होइन, सहकारी ठगीसम्बन्धी समाचार लेखेका कारण हो। यो प्रेस स्वतन्त्रताविरुद्धको प्रहार हो,' प्रहरीले पक्राउ गर्ने क्रममा सिरोहियाले पत्रकारसँग भने।

नेपाल पत्रकार महासंघले पनि सिरोहिया पक्राउको विरोध गरेको छ। प्रतिशोध साँध्ने उद्देश्यले उनलाई पक्राउ गरिएको महासंघले जनाएको छ। 'अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज गर्ने मनासयबाट हुने राज्यशक्तिको दुरुपयोग पत्रकार महासंघ स्विकार्दैन,' महासचिव रोशन पुरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

सिरोहियाविरुद्ध गत १६ वैशाखमा सर्लाहीका इन्द्रजित महतोले जिल्ला प्रहरी कार्यालय धनुषमा किटानी जाहेरी दिएका थिए। जाहेरीमा सिरोहियाले फरक-फरक नम्बरको

» पृष्ठ ९ मा क्रमशः

धेरैजसो मन्त्री करोडपति

०७४ फागुनयता सार्वजनिक गरिएको थिएन मन्त्रीहरूको सम्पत्ति विवरण, ३ जेठको मन्त्रिपरिषद्को निर्णयअनुसार प्रधानमन्त्रीसहित २१ मन्त्रीको सम्पत्ति सार्वजनिक, अघिल्लो साता मात्रै नियुक्त स्वास्थ्यमन्त्री र राज्यमन्त्रीको बाँकी

सुवास भट्ट/नयाँ पत्रिका

मन्त्रिपरिषद्का सदस्यहरूको ६ वर्षदेखि रोकिएको सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास सुरु भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मंगलबार मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको छ। ०७४ फागुनमा केपी ओली नेतृत्वको सरकारको कार्यकालपछि मन्त्रीहरूको सम्पत्ति विवरण गोप्य थियो।

सरकारले प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का २१ सदस्यको सम्पत्ति विवरण एकसाथ सार्वजनिक गरेको छ। ३ जेठको मन्त्रिपरिषद् बैठकले वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय गरेको थियो।

बाध्यकारी कानुनी व्यवस्था नभए पनि पारदर्शिताका दृष्टिले उच्चपदस्थ पदाधिकारीले सम्पत्ति विवरण सार्वजनिक गर्ने अभ्यास छ। सम्पत्ति विवरणमा व्यक्तिगत गोपनीयतासम्बन्धी कानुन लागू हुन्छ। तर, सरकारले कार्यव्यवस्था नियमावलीमा व्यवस्था गरेरै संघ सरकारका प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था सुरु गरेको थियो।

मन्त्रिपरिषद्का सदस्यहरूले सम्पत्ति विवरण सार्वजनिक गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पत्र लेखेपछि सरकारमाथि दबाब बढेको थियो। गत २४ वैशाखमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सरकारमा रहेका उपप्रधानमन्त्री तथा मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरिदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार नै गरेका थिए। आफूहरूले बुझ्काइसकेको सम्पत्ति

» पृष्ठ ९ मा क्रमशः

■ विवरण सार्वजनिक गरिएका मन्त्रिपरिषद्का २१ सदस्यको कति छ सम्पत्ति ?

पुष्पकमल दाहाल प्रचण्ड
प्रधानमन्त्री

भरतपुरमा १४ कट्ठामा बनेको घर। भरतपुरमा १ कट्ठा जग्गा। ५ तोला सुन। २५ लाख नगद

रघुवीर महासेठ
उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधारमन्त्री

जनकपुरमा ३ कट्ठा र ललितपुरमा २ रोपनी १३ आनामा बनेका २.५/२.५ तले घर। धनुषामा नौ बिघा, सिन्धुली चार कट्ठा र ललितपुर एक रोपनी सात आना जग्गा। ३ करोड ५५ लाख नगद। ४३ तोला सुन, १.५ केजी चाँदी, सात थान औंठी, ३ थान सिक्री, ३ जोडा कानमा लगाउने र २ जोडा बाला। २ करोड ५५ लाखको सेयर।

(सगोलमा : धनुषामा ७३ बिघा चार कट्ठा)

नारायणकाजी श्रेष्ठ
उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री

गोरखाको ३८ रोपनी १२ आना जग्गा ०५८ मा पार्टीलाई हस्तान्तरण गर्ने घोषणा गरेको र त्यो प्रक्रियामै रहेको। १ लाख २२ हजार ९१८ नगद। पार्टीले उपलब्ध गराएको महिन्द्रा गाडी।

रवि लामिछाने
उपप्रधानमन्त्री तथा गृहमन्त्री

बुढानीलकण्ठमा पाँच आनामा बनेको घर। भक्तपुरमा एक रोपनी एक आना जग्गा। करिब ८० तोला सुन, १५.२० केजी चाँदीका भाँडाकुँडा। ६ लाख ६८ हजार ५११ रुपैयाँ नगद। एक करोड ५० लाख ऋण। श्रीमतीले चढ्ने टाटा नेक्सन इभी कार। तीन करोडको नारी टेलिभिजन र एक करोडको गोपीकृष्ण कामाक्ष्य मिडिया कम्पनी।

(पत्नी निकिताको सगोलमा : गोपीकृष्ण प्रालिमा जग्गासहित ८ करोड ७५ लाखको सेयर)

वर्षमान पुन
अर्थमन्त्री

रोल्पामा एक रोपनी नौ आना पैतृक जग्गा। ३३ लाख ७० हजार ६१८ रुपैयाँ नगद। पार्टीले दिएको एउटा कार।

शक्ति बस्नेत
ऊर्जामन्त्री

जाजरकोटमा घर। जाजरकोटमा चार रोपनी १४ आना र सुर्खेतमा तीन आना ३ पैसा ३ दाम जग्गा। नगद ३५ लाख। सुन पाँच तोला। पार्टीले दिएको स्कर्पियो।

भानुभक्त जोशी
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री

बझाङमा २/२ रोपनी र काठमाडौंको कीर्तिपुरमा पाँच आनामा बनेको घर। काठमाडौं चन्द्रागिरिमा चार आना २ दाम जग्गा। बुबाको सगोलको ९ रोपनी जग्गा। ३२ तोला सुन र ६० तोला चाँदी। एक लाख ६९ हजार नगद। ८ लाख रुपैयाँको सेयर। ४३ लाख ऋण। एउटा स्कुटर।

हितबहादुर तामाङ
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री

नुवाकोटमा १२ रोपनी ४ आना ३ पैसा १ दाम जग्गा। १३ लाख नगद। ऋण १ लाख। ६ तोला सुन।

रेखा शर्मा
सञ्चारमन्त्री

कीर्तिपुरमा ६ आनामा बनेको २.५ तले घर। प्युठानमा चार रोपनी ११ आना जग्गा। ६ तोला सुन, २ तोला चाँदी। २१ लाख ७८ हजार नगद। विभिन्न कम्पनीको १५ सय कित्ता सेयर। ६५ लाख ऋण। होन्डाई कार।

पदम गिरी
कानुनमन्त्री

पर्वतको कुस्मामा सात आनामा बनेको घर। कुस्मामा ११ आना जग्गा। २३ तोला सुन। १ लाख नगद। पार्टी प्यालेसमा ५० लाख लगानी। ४० लाख ऋण।

ज्वालाकुमारी साह
कृषिमन्त्री

बारामा ५ कट्ठा, १५ धुर, १० धुरमा बनेका तीन घर। सर्लाहीमा ५ कट्ठा १९ धुर जग्गा। १० तोला सुन, २५ तोला चाँदी। ४० हजार नगद। पुख्यौंलीबाट अंशमा पाएको चार कट्ठा जमिनमा बनेको अढाइतले घर।

बलराम अधिकारी
भूमि व्यवस्थामन्त्री

कपिलवस्तुमा ५ कट्ठामा बनेको घर। कपिलवस्तुमा एक बिघा १५ कट्ठा, कीर्तिपुरमा १२ आना जग्गा। सगोलमा कपिलवस्तुमा नौ कट्ठा जग्गा। १० तोला सुन। १५ लाख नगद। १५ लाखको सेयर। ४५ लाख ऋण दिएको। एउटा मोटरसाइकल।

दामोदर भण्डारी
उद्योगमन्त्री

बैतडीको पाटनमा ६ कोठे घर। बैतडीमा २ रोपनी र कञ्चनपुरमा २ कट्ठा जग्गा। ६ तोला सुन। १२ लाख २८ हजार नगद। होटेलमा ८ लाखको सेयर।

भगवती चौधरी
महिला, बालबालिकामन्त्री

सुनसरीको दुहबीमा एक कट्ठामा र काठमाडौंमा १२ आनामा बनेको घर। सुनसरीमा दुई बिघा १५ कट्ठा र दाङमा १५ कट्ठा जग्गा। १६० तोला सुन र ५० केजी चाँदी। १८ लाख नगद। विभिन्न कम्पनीमा तीन लाख ९१ हजार १०५ कित्ता सेयर। एक करोड ऋण। एउटा मोटरसाइकल।

राजेन्द्र राई
खानेपानीमन्त्री


धनकुटाको पाख्रीबासमा २५ रोपनीमा बनेको घर। पाख्रीबासमा ५५ रोपनी चार आना ६ पैसा जग्गामा दुईवटा चियाबगान। १० तोला सुन, सय तोला चाँदी। ५५ लाख ऋण। २ वटा स्कुटर। ७ गाई, ६३ बाखा।

हरिप्रसाद उप्रेती
रक्षामन्त्री

सर्लाहीको बरहथवामा १५ कट्ठा ५ धुरमा बनेको घर। बरहथवामै २० कट्ठा जग्गा। २५ तोला सुन। एउटा कार।

धनबहादुर बुढा
सहरी विकासमन्त्री

डोल्पामा पाँच रोपनीमा चारवटा घर। काठमाडौंमा १७ आनामा सातवटा र २० आनामा तीनवटा घर। काठमाडौंमा ७ आना जग्गा। १५० तोला सुन, ३०० तोला चाँदी। ६० लाख नगद। हाइलक्स र प्राडो गाडी।



श्रममन्त्री डोलप्रसाद अर्याल, शिक्षामन्त्री सुमना श्रेष्ठ, खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र वनमन्त्री नवलकिशोर साह सुडीको सम्पत्ति विवरण पृष्ठ ९ मा

वेल घेराउ र नाराबाजीबीच दुवै सदनमा नीति तथा कार्यक्रम पेस, शुक्रबारदेखि छलफल

११ जेठमा नीति तथा कार्यक्रम पारित गर्ने र त्यसपछि १५ जेठमा बजेट दुवै सभाको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने सरकारको तयारी, सहमति नभए अवरोधकै बीच बजेट आउने

कमलराज भट्ट/नयाँ पत्रिका

सदनको अवरोध हटाउन सहमति नभए पनि सरकारले पेस गरेको आगामी आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रममा शुक्रबारदेखि छलफल हुने भएको छ। काग्रेससहित विपक्षी दलहरूको वेल घेराउ र नाराबाजीबीच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार दुवै सदनमा नीति तथा कार्यक्रम पेस गरेपछि छलफलको समयतालिका तय भएको हो।

सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले नीति तथा कार्यक्रममा ११ जेठमा छलफल तय गरेका हुन्। छलफलका लागि प्रतिनिधिसभाको बैठक शुक्रबार बिहान ११ बजे बोलाइएको छ। राष्ट्रिय सभाको बैठक १ बजेर १५ मिनेटमा आह्वान गरिएको छ। सहकारी ठगीमा संसदीय छानबिन समितिको माग गर्दै प्रमुख प्रतिपक्षी काग्रेससहित विपक्षी दलहरू सदन अवरोध गर्दै आएका छन्।

१५ जेठसम्म निर्धारित प्रतिनिधिसभाको क्यालेन्डरमा ६ दिन र जेठ मसान्तसम्म निर्धारित राष्ट्रिय सभाको क्यालेन्डरमा तीन दिन नीति

» पृष्ठ ९ मा क्रमशः



संसद्मा वेल घेराउ र नाराबाजी गर्दै काग्रेस सांसद। सदन चलाउन संसदीय समिति बनाउन सैद्धान्तिक सहमति गरेका दलहरूबीच समितिको कार्यदिशलाई लिएर अझै सहमति जुटेको छैन। कानुनमन्त्री पदम गिरी नेतृत्वको कार्यदलको मंगलबारको बैठक सकारात्मक दिशातर्फ अघि बढे पनि निष्कर्षमा पुग्न सकेन। कार्यदलका सदस्यहरूले बुधबार सहमति जुट्न सक्ने सम्भावना जनाएका छन्। अर्कोतर्फ सदनको कारबाहीलाई लिएर रणनीति बनाउन बुधबार काग्रेसले केन्द्रीय कार्यसमिति र संसदीय दलको संयुक्त बैठक बोलाएको छ। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

मृत गैंडाको खाग भेट्नेले दुई वर्षअघि पाँच हजारमै बेचे

अहिले दुई करोडमा मोलमोलाइ चल्दै गर्दा ६ जना पक्राउ

भरतपुरमा विवेक पोखेल

दुई करोडमा किनबेचका लागि मोलमोलाई भइरहेको दुर्लभ वन्यजन्तु एकसिंगे गैंडाको खागसहित ६ जना चितवनको भरतपुरबाट पक्राउ परेका छन्। नौ वर्षअघि नवलपरासीको कावासोती नगरपालिका गुन्द्रेढाकाहा मध्यवर्ती सामुदायिक वनमा मृत फेला परेको गैंडाको खाग बिक्रीका लागि मोलमोलाइ भइरहेका वेला चितवन राष्ट्रिय निकुञ्जको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।



गत २७ चैतमा पक्राउ परेका उनीहरूमाथि थप अनुसन्धानपछि निकुञ्जले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। कावासोती- १५ का ५० वर्षीय छविलाल परियार र ३६ वर्षीय प्रकाश घिमिरे, कावासोती- १६ का २९ वर्षीय क्रान्ति खड्का र ३८ वर्षका लेखनाथ सुनार पक्राउ परेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनमगरले जानकारी दिए। उनका अनुसार बुलिङटार गाउँपालिका- ४ का ३५ वर्षीय खिमबहादुर बराल र बझाङ छबिसपाथीभरा गाउँपालिका- १ का २७ वर्षीय प्रकाशराज जोशी पनि पक्राउ परेका छन्। गैंडाको खाग कारोबारका अर्का आरोपी अर्जुन थापा भने फरार रहेको निकुञ्जले जनाएको छ।

बरामद खाग २.४ इन्च उचाइ र ६० ग्राम तौलको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार गैंडाको खागको खरिद तथा बिक्री मुद्दामा बढीमा १० लाख रुपैयाँ जरिवाना, १५ वर्ष कैद

» पृष्ठ ९ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ सेक्युरिटी प्रिन्टिङ प्रेसमा भ्रष्टाचार

विकल पौडेलसहित चारजना दोषी ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल सक्युरिटी प्रिन्टिङ प्रेसको भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। एक वर्षअघि दायर मुद्दामा विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्य मुरारीबाबु श्रेष्ठको इजलासले मंगलबार पौडेलसहित चारजनालाई दोषी ठहर गरेको हो। अन्य पाँच आरोपीले भने सफाइ पाएका छन्।

अख्तियारले नौजनालाई प्रतिवादी बनाएर ३ वैशाख ०८० मा मुद्दा दायर गरेको थियो। पौडेलले सम्भौताविपरीत गुणस्तरहीन इलेक्ट्रिक ट्रान्सफर्मर खरिद गरेको प्रमाणबाट पुष्टि हुने भन्दै सम्भौताको सर्तविपरीत तोकिएको 'कन्ट्री अफ ओरिजिन'बाट नगरी फरक मुलुकबाट खरिद गरी भुक्तानी गरेको भेटिएको विशेषको ठहर छ। साथै, खरिद सम्भौताबमोजिम गर्नुपर्ने मर्मतको कार्य नगरी झुटा बिलका आधारमा भुक्तानी दिएकोसमेत पुष्टि भएको छ।

सेक्युरिटी प्रिन्टिङ प्रेस स्थापना गर्दा विद्युत् आपूर्तिको सुनिश्चितताका लागि नेपाल विद्युत्



भ्रष्टाचार मुद्दामा विकल पौडेललाई दुई वर्ष कैद तथा २५ करोड ४७ लाख जरिवाना र बिगोबराबरको रकम असुल हुने विशेष अदालतको फैसला

प्राधिकरणसँग ११ केभी फिडर लाइन जडान गर्न अनुरोध गरी सुरक्षण मुद्रण केन्द्रबाट एक करोड ५४ लाख रुपैयाँभन्दा बढी भुक्तानी भएको थियो। यसअनुसार पूर्वाधार तयार भई लाइन जडान गर्ने काम मात्र बाँकी थियो। यस्तो अवस्थामा आवश्यकता र औचित्य नै नभएको तीन लाख लिटर क्षमताको 'बल्क फ्युल ट्यांक सिस्टम' खरिद तथा निर्माण गरी पौडेलले सरकारी सम्पत्तिको गैरकानुनी रूपमा हानिनोक्सानी गरेको इजलासले जनाएको छ। संक्षिप्त फैसलामा पौडेलमाथि अभियोग पुष्टि हुने आधारबारे मुख्य विषय यही उल्लेख छ।

मुद्रण केन्द्रको प्रमुख कार्यकारी निर्देशक रही निर्णायक भूमिकामा रहेका पौडेलका कारण १९ करोड ६२ लाख रुपैयाँभन्दा बढीको नोक्सानी भएको इजलासको ठहर छ। पौडेलले आफूमातहतका कर्मचारीलाई टिप्पणी तथा राय पेस गर्न लगाई टिप्पणी स्वीकृत गरी आफैंले नै सम्भौता गरेको, तर सम्भौताविपरीतका सामान स्वीकार गरी भुक्तानीसमेत गरेको भन्दै भ्रष्टाचार मुद्दामा उनीमाथि कसुर पुष्टि हुने फैसला भएको हो। पौडेललाई विशेषले दुई वर्ष कैद तथा बिगोको दामासाहीले हुन आउने रकम २५ करोड ४७ लाख रुपैयाँ जरिवाना र बिगोबराबरको रकम

» पृष्ठ ९ मा क्रमशः

■ चार महिनादेखि अख्तियारको हिरासतमा रहेका पौडेलविरुद्ध विशेषमा अन्य दुई मुद्दा विचाराधीन

सक्युरिटी प्रिन्टिङ प्रेस भ्रष्टाचार मुद्दामा दोषी ठहर पौडेल चार महिनादेखि नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हिरासतमा छन्। उनीविरुद्ध विशेषमा अन्य दुई मुद्दा पनि विचाराधीन छन्। पछिल्लोपटक गत ३० वैशाखमा अख्तियारले प्रेस खरिदमै अनियमितताको आरोपमा ४० करोड रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको थियो। त्यसअघि सरकारी पदमै रहँदा अमेरिकाको पिआर लिएको भन्दै मुद्दा दायर भएको थियो। अख्तियारले उनको सम्पत्ति समेत छानबिन गरिरहेको छ। जसमा ५० करोड रुपैयाँभन्दा धेरै स्रोत नखुलेको सम्पत्ति भेटिएको स्रोत बताउँछ। सिंगापुरमा बैंक खाता खोलेर ठेक्काका कमिसन उनले त्यहीं जम्मा गर्दै आएका थिए। अमेरिकामा रहेको सम्पत्तिको पनि अख्तियारले खोजी गरिरहेको छ।

गाडीले किचेर मान्छे मार्नेलाई बिचौलिया र कर्मचारीले यसरी दिलाए लाइसेन्स

लाइसेन्स दिने कर्मचारी र लिने चालकसहित सातजनाविरुद्ध मुद्दा दायर

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



ललितपुर महानगरमा आज सार्वजनिक बिदा

ललितपुर/ ललितपुर महानगरले आज (बुधबार) सार्वजनिक बिदा दिएको छ। महानगरले रातो मत्स्येन्द्रनाथ रथयात्राका क्रममा बुधबार नरिवल खसाल्ने शुभमुहूर्त भएकाले ललितपुर महानगर कार्यालय र मातहतका कार्यालयमा बिदा दिएको हो। महानगरको नगरकार्यपालिकाको १८ वैशाखमा बसेको बैठकले नरिवल खसाल्ने दिन बिदा दिने निर्णय गरेको थियो। महानगरकी प्रमुख प्रशासकीय अधिकृत रेखा दास श्रेष्ठद्वारा मंगलबार जारी सूचनामा बुधबार बिदा दिने उल्लेख गरिएको छ।

पशुपतिनाथको भेटी गणनास्थलबाटै चोरी

कोषका कर्मचारीसहित पाँचजना थुनामा

नयाँ पत्रिका

पशुपतिनाथको भेटी चोरी गरेको आरोपमा पक्राउ परेकाहरूबाट ९७ हजार रुपैयाँ प्रहरीले बरामद गरेको छ। सोमबार बिहान १० बजे पशुपतिनाथ मन्दिरपरिसरमा सरोकारवाला निकायहरू बसेर भेटी गणना भइरहेका वेलामा पाँचजनाले मिलेमतो गरी भेटी चोरी गरेका थिए।

प्रहरीले सिसिटिभी फुजेट हेर्दा गणना गर्ने क्रममा सर्टको बाहुला र गोजीमा भेटी लुकाउँदै गरेको देखिएको थियो। सोही आधारमा प्रहरीले सोमबार नै पशुपति क्षेत्र विकास कोष र बैंकका कर्मचारीसहित आठजनालाई पक्राउ गरेको थियो। तर, बैंकका कर्मचारीको कमजोरी नदेखिएपछि तीनजनालाई सोमबार नै छाडिएको थियो भने पाँचजनालाई प्रहरीवृत्त गौशालामा राखिएको छ। पक्राउ परेर हिरासतमा रहेकामा सबै कोषका कर्मचारी छन्। जसमा नवराज धोडारी, नवराज घिमिरे, अनिल परियार, कुमार परियार र सञ्जय नापित छन्। उनीहरूलाई सोमबार नै पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको वृत्तका डिएसपी केशवकुमार थेबेले जानकारी दिए। उनका अनुसार प्रहरीले पक्राउ गरेका तीनजनाबाट ९७ हजार रुपैयाँ बरामद गरेको छ। तर, यो रकम चोरीको हो या अन्य स्रोत भने प्रमाणित हुन सकेको छैन। पशुपति क्षेत्र विकास कोषले गणना गर्ने क्रममा १५ हजार हाराहारी पैसा चोरी भएको अनुमान गरेको छ। यकिन गर्न भने नसकिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए। 'गणना गर्ने क्रममा केही रकम लुकाउने गरेको प्रत्यक्ष देखियो, सोही आधारमा खानतलासी गर्‍यौं,' उनले भने, 'केही रकम चोरी गरेको देखिएकाले प्रहरीले पक्राउ गरेको हो।'

चोरीमा कोषका पदाधिकारीको समेत संलग्नताको आशंकामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पशुपतिनाथ मन्दिरमा चढाएको भेटी सशस्त्र प्रहरी, नेपाल प्रहरी, कोष र पुजारीलगायतको रोहबरमा हरेक दिन गणना गरिन्छ। औसतमा दैनिक पशुपतिनाथमा साढे तीन लाख भेटी उठ्छ। गणना गरेर सकिएपछि उक्त रकम सीधै कोषको बैंक खातामा राख्ने गरिन्छ।

सीप मेला अवलोकनमा अस्ट्रेलियाकी राजदूत



काठमाडौं/ नेपालका लागि अस्ट्रेलियाकी राजदूत फेलिसिटी भोल्कले काठमाडौं महानगरपालिकाले टुँडिखेलमा सञ्चालन गरिरहेको 'सीप मेला'को अवलोकन गरेकी छिन्। अवलोकनका क्रममा राजदूत भोल्कले तालिमको पाठ्यवस्तु, सिकाइ प्रक्रिया, श्रम बजारसँगको सम्बन्ध, साझेदारी र यसपछि सञ्चालन हुने क्रियाकलापका विषयमा जिज्ञासा राखेकी थिइन्।

राजदूतका जिज्ञासाको जवाफमा उपप्रमुख सुनीता डंगोलले 'सीप मेला' सबैलाई समान अवसर प्रदान गर्ने व्यावसायिक क्षमता विकास कार्यक्रम भएको बताएकी छिन्। अवलोकनका क्रममा राजदूत भोल्कले मेलाले प्रोत्साहित बनाएको बताएकी छिन्। 'स्वदेशमा अवसर छन्। म यहीं केही गर्न सक्छु। यसका लागि मेरो क्षमता छ भन्ने सन्देश मेलाको महत्त्वपूर्ण पक्ष हो भन्ने ठानेकी छु,' उनले भनिन्। उनले यस्ता तालिमका लागि संघीय सरकारले नीति बनाएर प्रदेश सरकार, स्थानीय सरकार र साझेदारबीच सहकार्यको वातावरण तयार गर्न सके थप प्रभावकारी नतिजा आउने बताइन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +२७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +२७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता नं: २४६७९४/०७७/०७८ अर्न्तगत मिति २०७७/०७/२१ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६, स्थित **सोल मेट फेशन प्रा.लि.** **संचालक तथा जमानतकर्ता: शान्ता बुढाथोकी**	**शान्ता बुढाथोकी** स्थायी ठेगाना : सिराहा जिल्ला, विष्णुपुर कट्टी गा.वि.स वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ बाबु : गोपाल बहादुर बुढाथोकी ससुरा : शिवजी प्रसाद पति : गुंजन कुमार
	धितोको विवरण	
	१) गोपाल बहादुर बुढाथोकीको छोरी, शिवजी प्रसादकी बुहारी, गुंजन कुमारकी पत्नि, सिराहा जिल्ला, विष्णुपुर कट्टी गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ बस्ने शान्ता बुढाथोकीको नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ८ख (हाल गोदावरी न.पा. वडा नं. १०), स्थित कित्ता नं. १५३ को क्षेत्रफल ०-१३-३-० (रोपनी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता नं: २४६७९४/०७७/०७८ अर्न्तगत मिति २०७७/०७/२१ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६, स्थित रजिष्टर्ड कार्यालय रहेको सोल मेट फेशन प्रा.लि.को नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ७ग (हाल गोदावरी न.पा वडा नं. १०), स्थित कित्ता नं. १९८ को क्षेत्रफल ३-१३-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) सोल मेट फेशन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	ऋणीको विवरण	
२)	**सनमान सिलवाल** स्थायी ठेगाना : धादिङ जिल्ला, सलाङ गा.वि.स वडा नं ०८ हालको ठेगाना :काठमाडौं जिल्ला, बुढानिलकण्ठ वडा नं १० बाबु : राम बहादुर सिलवाल बाजे : चेत बहादुर सिलवाल	**तथा** **सुवाष पहरी** ठेगाना : ललितपुर जिल्ला, बडीखेल गा.वि.स वडा नं ०७ बाबु : गौरीशंकर नगारकोटी पहरी बाजे : हर्क बहादुर पहरी
	धितोको विवरण	
	चेत बहादुर सिलवालको नाति, राम बहादुर सिलवालको छोरा, धादिङ जिल्ला, सलाङ गा.वि.स वडा नं ०८ स्थायी ठेगाना भई (हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं १०) बस्ने सनमान सिलवाल ... १ तथा हर्क बहादुर पहरीको नाति, गौरीशंकर नगारकोटी पहरीको छोरा, ललितपुर जिल्ला, बडीखेल गा.वि.स वडा नं ७ बस्ने सुवाष पहरी ... १ गरि २ व्यक्तिको संयुक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगानखेल, ललितपुर जिल्लाको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाऊँ गा.वि.स वडा नं ८ क (हाल गोदावरी न.पा. बडा नं. १०) स्थित कित्ता नं. क्रमश ५४३, ५३७, ५८८, ६२४, ५७३, ५८३, ५६८, ६०६, ५७६, ५२५, ५६४, ६२६, ५३९, ५४४, ६१४, ५४९, ५६२, ५९८ र ५४१ को क्षेत्रफल क्रमश १०३.३२, ५.९७, १३.९२, ९९.३५, ३५.७७, १६८.८९, ७३.५२, ३५.७७, १२९.१५, ७७.५०, २७.८३, ३.९८, १०३.३२, ११५.२५, ११९.२२, ३१.७९, ११९.२२, २३.८५ र ६९.५५ (ब.मि) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	
	ऋणीको विवरण	**धितोको विवरण**
३)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं २०३८७६/०७५/०७६ अर्न्तगत मिति २०७५/०८/२० मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा, वडा नं. १ लोकन्थली स्थित **एस.एन.बि. कन्स्ट्रक्शन एण्ड ईन्जिनियरिङ प्रा.लि** **अध्यक्ष तथा जमानतकर्ता: सुरन कृष्ण डंगोल** ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.२३ बाबु : मदन महर्जन बाजे : कुल बहादुर महर्जन	१) सवारी मोडल : Mahindra Bolero PICKUP 2WD P/S 1.5 T च्यासिस नं. : MA1ZU2TBKK1F55477 ईन्जिन नं. : TBK1F62219 सवारी दर्ता नं. : प्र ३-०१-०२३ च ७०७३ २) सवारी मोडल : Duster RXE च्यासिस नं. :MEEHSRSGEJA002031 ईन्जिन नं. : E002326 सवारी दर्ता नं. : प्र ३-०१-०२३ च ०८९५
	जमानीकर्ताहरुको विवरण	
	१) विशाल राय स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २३, बाबु : बैद्यनाथ राय बाजे: रामपित राय	**२) रुक्मणी निजानंद पौडेल** स्थायी ठेगाना: भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. १६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २३ बाबु : नरहरी काफ्ले निजानंद पति : अमर पौडेल
	ऋणीको विवरण	
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्राइमेट फर्म दर्ता नं. ५५३ अर्न्तगत मिति: २०७४/०६/२४ मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ को (१) (क) र (२) को (ज) बमोजिम लघु उद्यम उद्योगमा दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ स्थित **प्रभु फेशन** **संचालक तथा जमानीकर्ता: प्रभु कुमार कुशवाहा**	
	धितोको विवरण	
	१) मोहन महतोको नाति, लडाई महतो कोईरीको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, डल्लु बस्ने प्रभु कुमार कुशवाहाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०६ क (हाल माधव नारायण न.पा. वडा नं. ०६) स्थित कित्ता नं. ३६ को क्षेत्रफल ०-०-८$^{१/२}$-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) लखन महतोको नाति, मोहन महतोको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, डल्लु बस्ने लडाई महतो कोईरीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०६ क (हाल माधव नारायण न.पा. वडा नं. ०६) स्थित कित्ता नं. १०५/१११ को क्षेत्रफल ०-०-६$^{१/४}$-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) प्रभु फेशनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	जमानीकर्ताहरुको विवरण	
	१) कविता देवी स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, डल्लु बाबु : राम राधे महतो ससुरा : लडाई महतो कोईरी पति : प्रभु कुमार कुशवाहा	**२) लडाई महतो कोईरी** स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, डल्लु बाबु : मोहन महतो बाजे : लखन महतो	**३) प्रभु कुमार कुशवाहा** स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ०७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३, डल्लु बाबु : लडाई महतो कोईरी बाजे : मोहन महतो
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
५)	१) नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय प्रा.फ.नं.घ.उ.का.५४९६/०७२ अर्न्तगत मिति २०७२/०१/२२ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ स्थित **ईन्द्रेणी पोल्ट्री फर्म** **प्रोप्राईटर तथा जमानीकर्ता: चैतराम चौधरी (थारु)** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना : कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बाबु : राम फेरु थारु (चौधरी) बाजे : उविराम थारु	**कलावती थारु** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना : कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बाबु : मोहरा थारु ससुरा : राम फेरु थारु (चौधरी) पति : चैतराम चौधरी (थारु)
	धितोको विवरण	
	उविराम थारुको नाती, रामफेरु थारुको छोरा, कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बस्ने चैतराम चौधरी (थारु)को नाममा मालपोत कार्यालय कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. २ (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १५२१ को क्षेत्रफल ०-१-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
	२) चैतराम चौधरी (थारु) स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना : कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बाबु : रामफेरु थारु (चौधरी) बाजे : उविराम थारु	**कलावती थारु** स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १ हालको ठेगाना : कपिलवस्तु जिल्ला, बुद्धभूमि न.पा. वडा नं. ८ बाबु : मोहरा थारु ससुरा : राम फेरु थारु (चौधरी) पति : चैतराम चौधरी (थारु)

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

Invitation for Bids
(Re-Tender)

Government of Nepal (GoN)
Ministry of Health & Population
Sushil Koirala Prakhar Cancer Hospital
Re-Tender Publication Notice : 2024-05-22
Invitation for Bids No: SKPCH/GOODS/03/080/081

The **Sushil Koirala Prakhar Cancer Hospital** invites ***electronic*** bids from eligible bidders for **Procurement of Suppply, Delivery, Commissioning and Installation of *Mould Room Accessories & Immobilization Devices*** under National competitive **bidding–Single Stage Single Envelope procedures.**

1. Eligible Bidders may obtain further information and inspect the bidding documents on PPMO egpsystem www.bolpatra.gov.np/egp. ***The bidder may submit the bid As Specificatio mentioned.***
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e- submission from PPMO"s e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs.3000/-** in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank**
   Name of Office : **Sushil Koirala Prakhar Cancer Hospital**
   Office Code no. : **370005701** Rajaswa (revenue) Shirshak no. **14229**
   Office Account no.: **1000100200010000 (Rajaswa Khata)**
3. Electronic bids must be submitted through PPMO"s e-GP system www.bolpatra.gov.np/egp on or before ***12 :00 hour*** on **2024-06-07 .**Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** at **2024-06-07.** the office of ***Sushil Koirala Prakhar Cancer Hospital***.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** at **2024-06-07.** The office of ***Sushil Koirala Prakhar Cancer Hospital***.
6. Bids must be valid for a period of ***90 days.*** from the date of bid opening and must be accompanied by a bidsecurity or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***Rs 216000/-.*** Which shall be valid for **30 days** beyond the validity period of the bid (i.e. ***120days).***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserve the right to accept or reject, wholy or partly any or all the bid without assigning reason, whatsoever. Conditional bids are not allowed.

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय: बिदुर-४, बट्टार, नुवाकोट

शाखा कार्यालय डायनिया र धनुषाधामको कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८१/०२/०९)

तपाई तपसिलका उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत यस वित्तीय संस्थाबाट लिनुभएको कर्जाको तोकिएको समयमा बुझाउनु पर्ने साँवा, ब्याज सहितको किस्ता रकम नबुझाएको, कर्जाको म्याद भुक्तान भइसक्दा समेत कर्जा साँवा, ब्याज, हर्जाना समेतको चुक्ता गर्नुपर्ने रकम चुक्ता/भुक्तान नगरी ऋण लिँदा भए/गरेका शर्त/बन्देजहरुको उल्लंघन गर्नुभएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक-पटक तरताकेता गर्दा समेत सो कर्जाको तिनुपर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले कर्जा चुक्ता गर्न ल्याउने बारेको यस ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा यस वित्तीय संस्थामा सम्पर्क राखी तपाईं ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्न जानकारी गरिन्छ।

उपरोक्त तोकिएको म्यादभित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (कर्जा साँवा, ब्याज तथा हर्जाना ब्याज समेत) नबुझाएमा वा चुक्ता भुक्तान नगरेमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्थाबिच भएको लिखित शर्त, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को कर्जा असुली सम्बन्धी व्यवस्था बमोजिम यस वित्तीय संस्थालाई कर्जा सुरक्षण बापत लेखी दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पति प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाईं ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानुन बमोजिम कारबाही गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाईं ऋणी तथा जमानीकर्ताको नाम कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारिस गरी पठाइने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल :

ऋणीको विवरण	जमानी दिनेको विवरण	धितोको विवरण
१.जितुलाल ताजपुरियाको नाति बल बहादुर ताजपुरियाको छोरा झापा जिल्ला, गौरादह गा.पा/ न.पा., वडा नं. ०६ स्थायी वतन भई गौरादह बस्ने ना.प्र.प.नं. ०४-०६-७८-०१९१३ को जारी मिति २०७८/१०/२५ (जि.प्र.का. झापा) रहेको **श्री मुकेश ताजपुरिया।**	१ (क). घुलो ताजपुरियाको नाती जितु लाल ताजपुरियाको छोरा मोरङ्ग जिल्ला, महादेवा गा.पा/न.पा., वडा नं.७ स्थायी वतन भई महादेवा बस्ने ना.प्र.प.नं.५९८८को जारी मिति २०५५/०६/११ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री बल बहादुर ताजपुरिया।** २ (ख). घुलो ताजपुरियाको नाती जितु लाल ताजपुरियाको छोरा मोरङ्ग जिल्ला, महादेवा गा.पा/न.पा., वडा नं.७ स्थायी वतन भई महादेवा बस्ने ना.प्र.प.नं.१-३७३८ को जारी मिति २०४५/०२/२२ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री प्रेम बहादुर ताजपुरिया।**	१.**लुधनिदेबि ताजपुरिया**को नाममा मालपोत कार्यालय रङ्गेली मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला, झुर्किया गा.वि.स./न.पा., वडा नं.०२ को कित्ता नं. १४० को १३५४.५२ वर्ग मि. (०-४-०-०) क्षेत्रफलको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. सारदत मियाँको बुहारी, फरदाज मियाको पत्नी मोरङ्ग जिल्ला, बरडंगा गा.पा/न.पा., वडा नं.३ स्थायी वतन भई बरडंगा बस्ने ना.प्र.प.नं. ०५३०३४ को जारी मिति २०६३/१०/१२ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री जाहिरुन खातुन।**	२ (क). फरजम मियाको नाती, सारदत मियाको छोरा मोरङ्ग जिल्ला, बरडंगा गा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई बरडंगा बस्ने ना.प्र.प.नं. २९०/३७ को जारी मिति २०४६/०९/०८ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री फरदाज मिया** २ (ख). फरजम मियाको नाती, साहदत मियाको छोरा मोरङ्ग जिल्ला, बरडंगा गा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई बरडंगा बस्ने ना.प्र.प.नं. २११/३८६ को जारी मिति २०४६/०९/०८ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री तसलिम मिया।**	२ **जहिरुन खातुन**को नाममा मालपोत कार्यालय विराटनगर मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला, बरडंगा गा.वि.स./ न.पा., वडा नं.३ (ख) को कित्ता नं. ३१४ को ३४७/११ वर्ग मि. (०-१-०.५) क्षेत्रफलको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. नतिनदेव श्रेष्ठको बुहारी, ईश्वर कुमार श्रेष्ठको पत्नी धनुषा जिल्ला, क्षीरेधरनाथ गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई धारापानी बस्ने ना.प्र.प.नं. १७-०१-७१-००९७१ को जारी मिति २०७१/०५/२७ (जि.प्र.का. धनुषा) रहेको **श्री कबिता बलमपाकी श्रेष्ठ।**	३. सोनेलाल श्रेष्ठको नाती, नतिनदेव श्रेष्ठको छोरा धनुषा जिल्ला, सा.महेन्द्रनगर गा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई धारापानी बस्ने ना.प्र.प.नं. ८११३४०३३ को जारी मिति २०५४/११/२८ (जि.प्र.का. धनुषा) रहेको **श्री ईश्वर कुमार श्रेष्ठ।**	३. **ईश्वर कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको धनुषा जिल्ला, यज्ञभुमि गा.वि.स./ न.पा., वडा नं. ८ (क) को कित्ता नं. ७७१ को १६९.३० वर्ग मि. (०-०-१०) क्षेत्रफलको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

गाडीले किचेर मान्छे मार्नेलाई बिचौलिया र कर्मचारीले यसरी दिलाए लाइसेन्स

लाइसेन्स दिने कर्मचारी र लिने चालकसहित सातजनाविरुद्ध मुद्दा दायर

सुवास भट्ट/नयाँ पत्रिका

लाइसेन्स नभएका चालकले चलाएको कारले ठक्कर दिएर पैदल यात्रुको ज्यान गएपछि चालकलाई नक्कली लाईसेन्स दिइएको घटनामा संलग्न सात जना विरुद्ध सोमबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ।

अघिल्लो वर्ष असारको यस घटनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले छानविन गरी सरकारी लिखतसम्बन्धि कसुरमा मुद्दा दायर गरेको हो। कारले ठक्कर दिएर पैदलयात्रुको घटनास्थलमै मृत्यु भएपछि सम्भावित सजायबाट जोगिन चालकलाई लाभ लिएर गिरोहले नक्कली लाइसेन्स दिएको थियो। त्यही लाईसेन्स लिएर चालक हिरासत मुक्त भएका थिए। चालकसहित नक्कली लाइसेन्स दिने प्रक्रियामा संलग्नलाई सिआईबीले प्रतिवादी बनाएको छ।

यस मुद्दामा यात्रुलाई ठक्कर दिने कारचालक सशांक बस्याल र उनका पिता ठानेश्वर बस्याललाई प्रतिवादी बनाइएको छ। त्यस्तै, तत्कालीन समयमा यातायात व्यवस्था विभागमा कम्प्युटर ईन्जिनियर रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत् सुरज प्रकाश अर्याल, यातायात व्यवस्था कार्यालय, बुटवलमा सहायक कम्प्युटर अपरेटरमा करारमा कार्यत् नारायण प्रसाद पाण्डे तथा यातायात व्यवस्था विभागका पूर्व करारका कर्मचारी हरिस भट्टविरुद्ध पनि मुद्दा दायर भएको छ। त्यस्तै, नक्कली लाइसेन्स जारी गर्ने प्रक्रियामा संलग्न अन्य दुई जना अकरामुद्दिन मुसलवान र अरुण कार्की भन्ने लट्ठु नाउलाई पनि प्रतिवादी कायम गरिएको छ। अर्याल, पाण्डे र भट्टबाहेक अरुलाई फरार प्रतिवादी कायम गरेर मुद्दा दायर भएको छ।

■ यसरी दिइएको थियो मान्छे मार्ने चालकलाई लाइसेन्स

सम्भावित दण्ड सजायबाट छुटकारा पाउन गाडीले किचेर मान्छे मार्नेलाई बिचौलियाले कर्मचारीको मिलेमतोमा लाइसेन्स दिइएको थियो। यो घटना मान्छे मार्ने गाडीचालकलाई कसरी लाइसेन्स दिइएको थियो भन्ने 'केस स्टडी' नै बनेको छ।

गत वर्ष ०८० असारको पहिलो साता कारले ठक्कर दिँदा पैदलयात्री स्याङ्जाका ६४ वर्षीय कृष्णप्रसाद भट्टराईको घटनास्थलमै मृत्यु भयो। घटनालगत्तै प्रहरीले कारचालकलाई नियन्त्रणमा लिएर हिरासतमा राख्यो। चालक थिए, साढे १८ वर्षका कालिकाकोट- ५, स्याङ्जा स्थायी ठेगाना भएका शशांक बस्याल। प्रहरी नियन्त्रणमा पुगेका बस्यालको कागजपत्र खोज्दा उनीसँग गाडीको लाइसेन्स नै नभएको भेटियो। उनीसँग 'ए क्याटेगरी'को मोटरसाइकलको मात्र लाइसेन्स थियो।

■ फर्जी कागजातका आधारमा लाइसेन्स प्रिन्टको अर्को धन्दा, सातजनाविरुद्ध मुद्दा दर्ता हुँदै



फर्जी कागजात पेस गरेर जनही रकम उठाएर गैरकानुनी तरिकाले लाइसेन्स प्रिन्ट गरेर वितरण गरेको अर्को प्रकरणमा पनि सिआइबीले अनुसन्धान टुंग्याएको छ। छानबिन टुंग्याएर सिआइबीले मंगलबार राय सहमतिका लागि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा प्रतिवेदन पेस गरेको छ। कार्डको अभाव हुन थालेपछि अध्ययन र रोजगारीका लागि विदेश जानेलाई लाइसेन्स दिन नसकिएको अवस्थामा सहजीकरणका लागि यातायात व्यवस्था विभागले 'फास्ट प्रिन्टिङ'को व्यवस्था गरेको थियो। त्यसअनुसार भिसा, पासपोर्ट, हवाई टिकट तथा विद्यार्थीका लागि नो अब्जेक्सन लेटर (एनओसी) र श्रमिकका लागि श्रम स्वीकृति लिएको रसिदका आधारमा तीन दिनमा लाइसेन्स दिइन्थ्यो। तर, 'फास्ट प्रिन्टिङ' सुविधाको दुरुपयोग गरेर फर्जी कागजातका आधारमा लाइसेन्स प्रिन्ट गरेको भन्दै यसमा सिआइबीले सातजनालाई प्रतिवादी बनाएको छ। जसमा हरीश भट्ट, प्रदीप सुनुवार, मिलन बास्तोला, बिर्जुकुमार चौधरी, वसन्त पाण्डे, गणेश भण्डारी र दीपा न्यौपाने छन्।

लिखित र ट्रायल पास गरेको लामो समयसम्म पनि लाइसेन्स दिन नसकेपछि विदेश जानेका लागि सहजीकरण गर्ने भन्दै यातायात व्यवस्था विभागले व्यवस्था गरेको 'फास्ट प्रिन्टिङ'को दुरुपयोग गर्दै अर्कै व्यक्तिको पासपोर्ट तथा नो अब्जेक्सन लेटर प्रयोग गरेर लाइसेन्स वितरणको धन्दा चलेको छानबिनले देखाएको छ। यसरी ठूलो संख्यामा लाइसेन्स प्रिन्ट भएको छानबिनबाट भेटिएको छ। जनही न्यूनतम पाँच हजार रुपैयाँ लिएर यस्तो प्रिन्ट हुने गरेको अधिकारीहरू बताउँछन्।

लाइसेन्स नभएको चालकले गाडी चलाउँदा पैदलयात्रुको मृत्यु भएको घटनामा चालकमाथि सवारी ज्यान मुद्दामा अधिकतम २० वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ। लामो जेल सजाय हुने भएपछि बस्यालको परिवार आत्तिएको थियो। यसैलाई मौका ठानेर नक्कली लाइसेन्स बनाउने गिरोह उनको आफन्तसँग जोडिन पुग्यो। गिरोहले नै बस्यालका आफन्तसँग तुरुन्तै गाडीको लाइसेन्स तयार गर्न सकिने र त्यसलाई देखाएर शशांकलाई जेलमुक्त गराउन सकिने उपाय बतायो। गिरोहको सल्लाहमा बस्यालको आफन्त सहमत भएपछि नक्कली लाइसेन्स बनाउने प्रक्रिया सुरु भयो।

नक्कली लाइसेन्सको धन्दा नयाँ होइन। यातायात व्यवस्था विभाग र कार्यालयमा वर्षौंदेखि यो धन्दा चलिरहेको छ। गिरोहको योजनामा जेलमुक्त गराउन शशांकको नाममा 'ए, बी क्याटेगरी'को गाडीको लाइसेन्स केही दिनमै जारी भयो। नक्कली लाइसेन्सको गिरोहले ३२ वर्षीय शिवपूजन मल्लाह नामका व्यक्तिको लाइसेन्स किर्ते गरी शशांक बस्यालको नाममा जारी गरिदिएको खुलेको छ। महुवा- १ कपिलवस्तु स्थायी ठेगाना भएका मल्लाहको नाम, थर, जन्ममिति, नागरिकता प्रमाणपत्र नम्बर, बाबुको नाम र ठेगाना फेरेर शशांक बस्यालको विवरण हालेर लाइसेन्स जारी गरिएको थियो। गिरोहले डाटाबेसभित्रै छिरेर लाइसेन्सधारीकै विवरण परिवर्तन गरेर अर्को व्यक्तिलाई त्यही नम्बरको लाइसेन्स तयार गरिदियो।

सवारी ज्यान मुद्दामा हिरासतमा रहेका बस्याललाई लाइसेन्स दिने गिरोहमा रूपन्देही यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र शाखामा करारमा कार्यरत कम्प्युटर अपेटर नारायण पाण्डे, कार्यालयकै पूर्वकम्प्युटर अपेटर लक्ष्मण पाण्डे, पछिल्लोपटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत कम्प्युटर इन्जिनियर सुरजप्रकाश अर्याल, यातायात व्यवस्था विभाग तथा अन्तर्गतका कार्यालयमा कम्प्युटर इन्जिनियरका रूपमा दशकभन्दा बढी समय करारमा काम गरेका पूर्वकर्मचारी हरीश भट्ट र यातायात व्यवस्था कार्यालय, दाडमा कार्यरत कम्प्युटर अपेटर नयिम भन्ने अक्रामुद्दिन मुसलमान संलग्न रहेको खुलेको छ।

■ संगठित प्रकृतिको गैरकानुनी काम, गिरोहमा कसको कस्तो संलग्नता ?

सवारी ज्यान मुद्दामा हिरासतमा रहेका बस्याललाई लाइसेन्स दिने योजनामा सुरुमै लक्ष्मण पाण्डे जोडिएका छन्। समग्र नक्कली लाइसेन्स प्रकरणमै पाण्डे प्रमुख भूमिकामा देखिएका हुन्। हाल उनी फरार छन्। विभागमै करारमा काम गरेर पछि बिचौलिया बनेका पाण्डेकै योजनामा बस्यालको नाममा लाइसेन्स जारी गरिएको थियो।

पाण्डेको योजनाअनुसार यातायात व्यवस्था विभागका तत्कालीन कम्प्युटर इन्जिनियर सुरजप्रकाश अर्याललले नक्कली लाइसेन्स बनाउन 'युजर' सिर्जना गरेका देखिन्छन्। युजरको 'पासवर्ड' अर्याललले बिचौलिया पाण्डेलाई दिए। आफूले पाएको युजर र पासवर्ड पाण्डेले यातायात व्यवस्था कार्यालय, दाङमा कार्यरत कम्प्युटर अपेटर मुसलमानलाई दिएका थिए। पाण्डेको योजनामा अर्याललले तयार गरेको युजर, पासवर्ड पाण्डेमार्फत पाएपछि त्यसैका आधारमा मुसलमानले शिवपूजन मल्लाहको बाबुको नाम र थर परिवर्तन गरिदिए। त्यस्तै, मल्लाहको जन्ममिति र फोटो परिवर्तन गर्ने काम रुपन्देही यातायात व्यवस्था कार्यालयका करारमा कार्यरत कम्प्युटर अपेटर नारायण पाण्डेले गरेका थिए। यति गरेपछि पूर्वयोजनामुताबिक प्रणालीबाट मल्लाहको नाम, थर मेटाएर शशांक बस्यालको नाम, थर कायम गर्ने कार्य भने विभागका तत्कालीन कम्प्युटर इन्जिनियर सुरजप्रकाश अर्याललले गरिदिए।

शिवपूजन मल्लाहको नाममा रहेको लाइसेन्स किर्ते गरी बस्यालको नाममा जारी गरिएको थियो। यसरी 'डिजिटल फर्म'मा जारी भएको लाइसेन्सको छपाइको काम यातायात व्यवस्था विभाग तथा अन्तर्गतका कार्यालयमा कम्प्युटर इन्जिनियरका रूपमा दशकभन्दा बढी समय करारमा काम गरेका पूर्वकर्मचारी भट्टले गरेका थिए। तत्कालीन समयमा वैदेशिक रोजगारी तथा अध्ययनमा जाने तथा अत्यावश्यकीय अवस्थामा रहेकालाई मात्र लाइसेन्स छपाइ गर्ने भूमिकामा रहेका भट्टले आफूलाई प्राप्त अधिकार दुरुपयोग गरी गिरोहको योजनामा सवारी ज्यान मुद्दामा हिरासतमा रहेका व्यक्तिको गैरकानुनी रूपले जारी भएको लाइसेन्स प्रिन्ट गरिदिएका थिए। यो लाइसेन्स शशांक बस्यालका आफन्तले लिएर गए।

यसरी शिवपूजनको नाममा रहेको लाइसेन्सको विवरण फेरेर तयार भएको आफ्नो नामको नयाँ लाइसेन्स अदालतमा बुझाई बस्याल हिरासतमुक्त भएका थिए। किर्ते गर्ने कार्य संगठित रूपमा सम्पन्न भएको सिआइबीको निष्कर्ष छ। गैरकानुनी कार्य कतिसम्म गरिएको थियो भने वारदातलाई पूर्णता दिएपछि अपराधलाई ढाकछोप गर्न शशांक बस्यालको 'ए क्याटेगरी'को लाइसेन्समा रहेको फोटोलाई मल्लाहको फोटो परिवर्तन गर्न प्रयोग गरिएको फोटोले विस्थापित गरिएको थियो। त्यो काम विभागमा कार्यरत अर्याललले नै गरेका थिए।

गाउँपालिका अध्यक्ष जमानत बसेपछि विराटले दियो श्यामकुमारीको शव

राजविराज/ विराटनगरस्थित विराट नर्सिङ होमले पाँच दिनदेखि बन्धक बनाएको सप्तरीको बलान-बिहुल गाउँपालिका- २ की श्यामकुमारी रामको शव परिवारलाई दिएको छ। उपचारमा लागेको खर्चको बक्यौता १८ जेठभित्र दिने गरी पालिका अध्यक्ष खेमचन्द्र यादवले कागज गर्दै चेक दिएपछि मात्र अस्पताललले मंगलबार शव दिएको हो। उपचारमा खर्च भएकोमध्ये आठ लाख ९५ हजार रुपैयाँ बुझाउन नसक्दा अस्पताललले श्यामकुमारीको शव उठाउन दिएको थिएन। पालिका अध्यक्ष यादव, उपाध्यक्ष रेणु यादवसहित स्थानीयको टोली सोमबार साँझ अस्पताल पुगेको थियो । बक्यौता पैसा नबुझाएसम्म शव नदिने अस्पताल प्रशासनको अडानपछि पालिका अध्यक्ष यादवसहितको समूह शव माग्दै सात घण्टा नर्सिङ होमअगाडि धर्नामा बसेको थियो। मंगलबार बिहान पालिका अध्यक्ष यादवले कागज गर्दै १८ जेठभित्र बक्यौता तिर्ने गरी चेक दिएपछि अस्पताल शव दिन राजी भएको हो। उपचारबापत अस्पताललाई तिर्नुपर्ने कुल साढे १२ लाखमध्ये मृतक परिवारले पाँच लाख २४ हजार रुपैयाँ बुझाइसकेको छ। त्यसमध्ये अस्पताललले तीन लाख ७६ हजार छुट दिएको छ। बाँकी तीन लाख ५० हजारको चेक १८ जेठमा भुक्तानी हुने गरी पालिका अध्यक्ष यादव जमानत बसेका छन्। गत ५ चैतमा स १ त ३२८ नम्बरको ट्याक्टरले सप्तरीको बोदेबर्साइन नगरपालिका- १ मा ठक्कर दिएपछि श्यामकुमारी घाइते भएकी थिइन्। उनलाई सुरुमा बोदेबर्साइनमा रहेको शत्रुधन अस्पतालमा लगिएको थियो। त्यहाँ उपचार हुन नसकेपछि सोही दिन विराट नर्सिङ होममा लगिएको थियो। उपचारकै क्रममा गत बिहीबार उनको निधन भएको थियो।

बिमस्टेकका महासचिव पाण्डेले भेटे राष्ट्रपति र प्रधानमन्त्री

काठमाडौं/ नेपाल भ्रमणमा रहेका बिमस्टेकका महासचिव इन्द्रमणि पाण्डेले मंगलबार राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेट गरेका छन्। आइतबार नेपाल आएका उनले बिमस्टेक घोषणापत्र लागू भएको भोलिपल्ट शिष्टाचार भेट गरेका हुन्। राष्ट्रपति पौडेलले जलवायु परिवर्तन र हिमाल जोगाउने मुद्दालाई बिमस्टेकले गम्भीरतापूर्वक अघि सार्नुपर्ने सुझाव दिएका छन्। जलवायु परिवर्तन र हिमाल जोगाउने साझा मुद्दामा सहकार्यमा उनको जोड छ। 'हिमालदेखि सागरसम्म यो क्षेत्रकै मानिसको जीवन गाँसिएको छ, त्यही भएर जलवायु परिवर्तन र हिमाल जोगाउने मुद्दामा बिमस्टेक गम्भीर बनोस् भन्ने मेरो आग्रह छ,' शीतलनिवासमा पाण्डेले भने। महासचिव पाण्डेले जलवायु परिवर्तन बिमस्टेकका सात सहयोगका क्षेत्रमध्ये एउटा महत्त्वपूर्ण क्षेत्र रहेको उल्लेख गरे। प्रधानमन्त्री प्रचण्डले बिमस्टेकले क्षेत्रीय आर्थिक सहकार्यलाई बढावा दिँदै आएको उल्लेख गर्दै सदस्य राष्ट्रबीचको सहकार्यलाई थप प्रभावकारी तुल्याउनुपर्ने बताए। यो क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरका विषयमा पनि छलफल हुनुपर्ने प्रचण्डको भनाइ थियो।

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-254/2024	Construction of store building (unit-I & unit-II), office building, security building, boundary wall with entrance gate, concrete road and concrete platform (open store) at Mithila Municipality, Dhalkebar Distt. Dhanusha, Nepal.	21.05.2024	**Submission:** at (Tumlingtar Office) 11.06.2024 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 12.06.2024 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np** & **http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP,Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

Government of Nepal
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Nepalgunj, Banke

Notice for Price Bid Opening

Date of Publication : 22th May 2024 (9th Jestha 2081)

This is to notify all concerned bidders that among the technical bids opened on May 13, 2024 for the execution of Construction Work of Amritpur Co-financing Water Supply and Sanitation Project, Dang as per bid notice published on April 12, 2024 in "Nayapatrika" National Daily and PPMO's E-portal www.bolpatra.gov.np/egp. Following bidder's technical bids are accepted after evaluation as per "Evaluation and qualification criteria" of bid document. This notice is as per Rule 31(E) 4 and 5 of the Public Procurement Regulation 2064. Price bids of successful bidders scheduled to open on May 29, 2024 at office of Federal Water supply and sewerage management Project, Nepalgunj.

Contract No./ Identification No	Substantially Responsive Successful Bidder	Price Bid Opening Date and Time
01/2080-81/CF/FWSSMP-NEPALGUNJ	1. M/S Paradise Builders Pvt. Ltd., Jwagal-10, Lalitpur 2. M/S Jayamata Engineering Construction Pvt. Ltd., Pokhari Chauri-7, Kavre 3. M/S Swikar Construction & Deep Tube well Company (P).Ltd., Butwal-15, Belbas, Rupandehi	May 29, 2024 (16th Jestha 2081) at 13:00 Hours

Project Chief

Putalibazar Municipality
Office of Municipal Executive
Gandaki Province, Syangja, Nepal

Invitation for Bid

Date of First Publication: 2081/02/09 B.S.)

1. Putalibazar Municipality, Office of Municipal Executive invites electronic bids from eligible and qualified bidders/suppliers form the following Project.

S. N.	Contract No	Description of works	Estimate Amount Nrs. (Including VAT)	Bid Purchase Amount Nrs.	Bid submission Date before	Bid security amount	Date of Bid Opening and time
1.	09/PM/SQ/ GOODS/ 080/081	Supplying and delivery of Sanitary Pads as per approved specification.	1767957.37	1000.00	2081/02/24 12:00 hours	Nrs. 45,000.00	2081/02/24 13:00 hours

2. Information to depost the cost of bidding document and bid bond:

Office Name	Putalibazar Municipality, Office of Municipal Executive	
Rajaswo Khata No	07203000001001000001	Nepal Bank Limited,Syangja
Dharauti Khata No	Ga -3 -0 07203000003000000001	

3. Electronic bids must be submitted to Putalibazar Municipality, Office of Municipal Executive, Syangja through PPMO website www.bolpatra.gov.np.
4. Putalibazar Municipality, Office of Muicipal Executive, Syangja reserves the right to accept or reject any bid, and to annul the process and reject all bid at any time prior to contract award.

Chief Administrative Officer

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०२/०५

यस कार्यालयबाट निम्नानुसारको कार्य खुल्ला बोलपत्रको माध्यामबाट गर्न/गराउनका लागि मिति २०८०/१२/१९ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सात (७) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनौट भएका बोलपत्रदाता	कबोल अंक रु (VAT र PS बाहेक)	कैफियत
1	KM/W/NCB/PAR/ 09(080/81)	Construction Of Khaula Watar Supply Project (Ek Ghar Ek Dhara Ku Na Pa 13)	M/S Kaliganga Nirman Sewa, Kushma Na. Pa. 05 Kushma, Parbat.	53,95,207.50	

प्रमुख प्रशासकिय अधिकृत

कार्यान्वयनमा शंका बोकेको नीति तथा कार्यक्रम

विगतका केही समस्याको पहिचान र आत्मसात् गरी त्यसको समाधानका निम्ति कार्यक्रमले नीति अघि सारेको छ



● डा. कृष्णराज पन्त

अग्रलेख

संसद्को शृंखलाबद्ध अवरोधबीच प्रतिपक्षको सदाशयतामा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सरकारको आव ०८१/८२ को नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत भयो । तर, नीति तथा कार्यक्रमका सम्बन्धमा राष्ट्रपतिलाई धन्यवाद दिने प्रस्ताव संसद्बाट पारित हुनु त परै जाओस्, दर्तासम्म हुन सकेन । सो नीति तथा कार्यक्रमका सन्दर्भमा सत्तापक्ष र प्रतिपक्षको परम्परागत शैलीकै प्रतिक्रिया आएको छ । सत्तापक्ष यो नीति तथा कार्यक्रम अत्यन्तै राम्रो भन्दै छ भने प्रतिपक्षले परम्परागत, कर्मकाण्डी र कार्यान्वयन हुन नसक्ने खालको भन्ने प्रतिक्रिया दिएको छ । संसद्को अवरोध कहिले हट्ने भन्ने कुनै निश्चितता नहुँदा प्रस्तुत नीति तथा कार्यक्रममाथि संसद्मा छलफल हुने सम्भावनालाई कमजोर बनाएको छ ।

के यो नीति तथा कार्यक्रमले वर्तमान आर्थिक शिथिलतालाई सम्बोधन गर्न सक्ला ? उत्पादक तथा उपभोक्तामा उत्साह पैदा गरी अर्थतन्त्रलाई लयमा फर्काउन सफल होला ? यस्तो अवस्थामा नीति तथा कार्यक्रम र बजेटबीच कत्तिको तालमेल होला ? बजेटमार्फत यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मुलुकको स्रोत, साधन र क्षमता पर्याप्त होला ? कार्यान्वयनमा राज्य संयन्त्र (स्टेट मेसिनरी) को भूमिका कस्तो रहला ? नीति तथा कार्यक्रमको प्रस्तुतिसँगै यस्तै अनेकौं प्रश्न तेर्सिएका छन् । यस आलेखमा लोकतन्त्रको सुदृढीकरण, अर्थतन्त्रको पुनरुत्थान, सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्र भागमा राखेर प्रस्तुत गरिएको भनिएको यो नीति तथा कार्यक्रमको स्वतन्त्र र संक्षिप्त विवेचना गर्ने कोसिस गरिएको छ ।

विगतका समस्याको पहिचान : नीति तथा कार्यक्रमले विगतका केही समस्याको पहिचान र आत्मसात् गरी त्यसको समाधानका निम्ति नीति अघि सारेको छ । बजेट र सोह्रौं योजनासँग तादात्म्य कायम गरिने, सरकारी खर्चको पुनः प्राथमिकीकरण गर्ने, सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गर्ने, आन्तरिक ऋणको उपयोग पुँजी निर्माण र उत्पादनको क्षेत्रमा मात्र गर्ने, न्यायोचित र प्रभावकारी मापदण्डअनुसार वित्तीय हस्तान्तरण गर्ने, मुलुकको कन्ट्री रेटिङ गर्नेजस्ता नीतिले विगतका कमजोरीलाई सच्याउने प्रयत्न गर्न खोजेको देखिन्छ । त्यसैगरी, विकास आयोजना छनोटमा प्रादेशिक सन्तुलन, सामाजिक-आर्थिक लाभ, उत्पादन र रोजगारी प्रवर्द्धनलाई मुख्य आधार बनाउने र पूर्वतयारी भएका एवं प्रतिफल सुनिश्चित भएका योजना मात्र छनोट गर्ने नीतिले विगतको राजनीतिक पहुँचमा आधारित योजना छनोट अभ्यासलाई सच्याई आवश्यकतामा आधारित बनाउन खोजेको देखिन्छ । यस्तै, कार्यान्वयनमा रहेका आयोजना र कार्यक्रमको मूल्यांकन, स्क्रिनिङ र पुनः प्राथमिकीकरण गर्ने र अनुगमन प्रणालीलाई सूचना प्रविधिमा आधारित तथा नतिजामूलक बनाउने नीतिले पनि विगतको हचुवा योजना छनोट एवं कार्यान्वयन प्रवृत्ति र त्यसको असरलाई न्यूनीकरण गर्न खोजिएको देखिन्छ । तर, अन्तरनिकाय समन्वय, समग्र वित्तीय अनुशासन र वित्तीय तथा मानवीय स्रोत परिचालनको क्षेत्रमा आइपरेका र आउन सक्ने समस्याबारे भने नीति तथा कार्यक्रम प्रस्ट देखिँदैन ।

प्राथमिकता प्राप्त क्षेत्रहरू : नीति तथा कार्यक्रममा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिएको छ । यसका निम्ति कृषि र सूचना प्रविधि क्षेत्रलाई मुख्य आधार मानेर 'उत्पादन र रोजगारीका लागि साझेदारी'लगायत कार्यक्रममार्फत तीनै तहका सरकार, समुदाय/सहकारी र निजी क्षेत्रको साझेदारी र सहकार्यको परिकल्पना गरेको छ । भू-उपयोगमा आधारित कृषि प्रणाली अवलम्बन, कृषिमा लगानी दशक घोषणा, हिमाल समृद्धि कार्यक्रम, बाँझो जमिनको उपयोग, कृषि क्षेत्रका उपजको समर्थन मूल्य र अग्रिम खरिद सम्झौताको व्यवस्था, बजार सूचना प्रणालीको विकास, कृषि उपजको प्रशोधन, कृषिजन्य उद्योगको प्रवर्द्धनजस्ता कार्यक्रमसहित कृषिक्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ । कृषिक्षेत्रको विकासमा मद्दत गर्न निर्माणाधीन राष्ट्रिय गौरवका सिँचाइ आयोजना निर्माणमा तीव्रता दिने, एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम, एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रमजस्ता सिँचाइ सुविधा विस्तारका नीति पनि समावेश गरिएको छ ।

यसैगरी, उद्यमशीलताको विकासका निम्ति सातवटै प्रदेशमा शिल्पी उद्यमशीलता विशेष कार्यक्रम, समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम, प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम, नवप्रवर्तन एवं स्टार्टअप राष्ट्रिय अभियान र 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानको प्रवर्द्धन, सातै प्रदेशमा बिजिनेस इन्क्युबेसन सेन्टरको स्थापना, सामुदायिक विद्यालयमा करियर काउन्सिलिङ, जनशक्ति उत्पादनको 'बुट क्याम्प मोडेल', रिटर्नी उद्यमशीलता कार्यक्रम, आयात प्रतिस्थापक र निर्यात प्रवर्द्धक उद्योगमा जोड, चौथो पुस्ताको औद्योगिक अवधारणाको उपयोगजस्ता कार्यक्रमले स्वदेशी औद्योगिक उत्पादनको वृद्धि, स्वदेशमै युवा रोजगारी प्रवर्द्धन गर्ने र युवा पलायनको वर्तमान समस्यालाई सम्बोधन गर्ने प्रयास गरेको छ । त्यस्तै, एकीकृत राष्ट्रिय रोजगार ढाँचाको कार्यान्वयन, सीप तथा रोजगार प्रवर्द्धनका विभिन्न कार्यक्रमको एकीकृत कार्यान्वयन, राष्ट्रिय सीप विकास तथा रोजगार प्राधिकरणको परिकल्पनाले पनि यसको पुष्टि गरेको छ । आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा लिने, हरेक क्षेत्रमा नयाँ सूचना प्रविधिको प्रयोग (डिजिटलाइजेसन) को प्रवर्द्धन र सूचना प्रविधि



वर्कस्टेसन सञ्चालन गरी कम्तीमा पाँच हजार रोजगारी सिर्जना गर्ने, प्रतिभावान् युवाका निम्ति फेलोसिपजस्ता कार्यक्रमले प्रस्तुत नीति तथा कार्यक्रमको अर्को प्राथमिकता प्राप्त क्षेत्र नवप्रवर्तन र सूचना प्रविधि हो भन्ने संकेत गरेको छ । अर्कातर्फ, एकीकृत राष्ट्रिय यातायात गुरुयोजनाका निर्माण, रणनीतिक महत्त्वका सडक र मुख्य ठूला नदी कोरिडोर सडकको स्तरोन्नतिलाई तीव्रता दिने, सुरुङ मार्ग, द्रुत मार्गजस्ता भूगोलको मागअनुसारका सडक पूर्वाधारमा जोड, समृद्धि कोरिडोरका रूपमा मध्यपहाडी लोकमार्ग क्षेत्रको विकास, आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति एवं पूर्ण क्षमतामा सञ्चालनजस्ता कार्यक्रमसहित यातायात पूर्वाधारमा नीति तथा कार्यक्रमले जोड दिएको छ । तर, मुलुकको भौगोलिक अवस्थाअनुसार कम सम्भावना भएको जलमार्गले यस दस्ताबेजमा ठाउँ पाउँदा पोड वे सञ्चालनजस्ता आवश्यकता र सम्भावना बोकेको कार्यक्रमले भने प्राथमिकता पाउन सकेको देखिँदैन । सुरक्षित एकीकृत बस्तीको विकास, नमुना स्मार्ट सहर र क्लस्टर सिटीको विकास, जलविद्युत् उत्पादन र उपभोगमा वृद्धि, विद्युत् प्रसारण लाइनको क्षमता विस्तारजस्ता पूर्वाधार विकास नीति तथा कार्यक्रमको प्राथमिकतामा परेका छन् । यसैगरी, नीति तथा कार्यक्रममा केही वर्षअघिदेखि माग हुँदै आएको गाँजाको औषधीजन्य उपयोग, नियन्त्रित उत्पादन र व्यवसायीकरणलाई प्रोत्साहन गर्न नीतिगत एवं कानुनी प्रबन्ध र घरेलु मदिरा उत्पादन एवं ब्रान्डिङजस्ता विषयको प्रवेशले रोजगारी र आयको क्षेत्रमा थप एउटा सम्भावनाको ढोका खोलेको छ ।

> मुलुकको वर्तमान अवस्था र कार्यशैलीमा उच्च सुधारको कम सम्भावना तथा स्रोतको अभावजस्ता कारणले यो नीति तथा कार्यक्रम प्रतिपक्षले भनेझैं कर्मकाण्डी र एउटा 'विस लिस्ट'का रूपमा मात्रै सीमित हुन सक्ने सम्भावना पनि छ

उल्लिखित प्राथमिकताका कार्यक्रमको सफल कार्यान्वयन हुन सके मुलुकमा साना तथा मझौला उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन हुनुका साथै उत्पादन र उपभोगमा समेत वृद्धि भई सत्तापक्षले भनेझैं यो नीति तथा कार्यक्रम आशा जगाउने खालको र शिथिल भएको अर्थतन्त्र केही हदसम्म चलायमान गराउन सक्ने हुन सक्छ । तर, मुलुकको वर्तमान अवस्था र कार्यशैलीमा उच्च सुधारको कम सम्भावना तथा स्रोतको अभावजस्ता कारण यो नीति तथा कार्यक्रम प्रतिपक्षले भनेझैं कर्मकाण्डी र एउटा 'विस लिस्ट'का रूपमा मात्रै सीमित हुन सक्ने सम्भावना पनि उत्तिकै छ । यो नीति तथा कार्यक्रममा उल्लेखनीय आर्थिक वृद्धिलाई प्रत्यक्ष सहयोग पुऱ्याउने र छलाङ मार्ने खालका ठूला कार्यक्रमको भने अभाव देखिएको छ । यसका साथै, प्रभावकारी राजस्व संकलन, कार्यक्रम कार्यान्वयनका निम्ति आवश्यक स्रोत, साधन र दक्षताको सुनिश्चितताको स्पष्ट खाका, निजी क्षेत्रको खास भूमिका र वैदेशिक लगानी आकर्षणको बलियो एवं विश्वसनीय आधार निर्माणजस्ता विषयमा नीति तथा कार्यक्रम प्रस्ट छैन । यसमा कार्यान्वयनको मोडालिटी र आइपर्नसक्ने जोखिमको सम्बन्धमा संकेत गरेको पाइँदैन ।

वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अस्वस्थ परिस्थितिको निरन्तरताको सम्भावना र त्यसका कारण अर्थतन्त्रमा परिरहने असरलाई कसरी न्यूनीकरण गर्ने भन्नेबारे ठोस रूपमा यो दस्ताबेजमा आएको पाइँदैन ।

पुराना नीति तथा कार्यक्रमको पुनरावृत्ति : नेपालका सबै तहका सरकारका आवधिक योजना, नीति तथा कार्यक्रम, बजेट, आयोजनामा अत्यन्तै महत्त्वाकांक्षी लक्ष्य, आकर्षक नारा र कार्यक्रम समावेश गर्ने परम्परा योजनाबद्ध विकासको अभ्यासको सुरुवाती चरणदेखि नै रहिआएको छ । यो चरित्रसँगै प्रस्तुत नीति तथा कार्यक्रममा पनि विभिन्न विषय क्षेत्रका अधिकांश कार्यक्रम उही वा बदलिँदो रूपमा पुरानै नीति तथा कार्यक्रमको पुनरावृत्ति भएको पाइन्छ । अघिल्ला वर्षका नीति तथा कार्यक्रममा पनि मुलुकमा उत्पादन र रोजगारी वृद्धि, उच्च आर्थिक वृद्धिदर प्राप्ति, गरिबी र असमानता न्यूनीकरण, सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको प्रवर्द्धन, भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन, राजस्व वृद्धि र खर्चको प्रभावकारितामा वृद्धि, सरकारी खर्चमा मितव्ययिता, नवप्रवर्तन र नयाँ सूचना प्रविधिको प्रयोग, निजी क्षेत्रको प्रवर्द्धन, वैदेशिक लगानीमा वृद्धिजस्ता उद्देश्य र आकर्षक नाराको पुलिन्दासमेत प्रस्तुत गरिँदै आएका थिए । जुन कुरा यो नीति तथा कार्यक्रममा पनि राखिएका छन् ।

कार्यान्वयनको प्रश्न : प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै भाषामा भन्दा मुलुकमा राजनीतिक उथलपुथलको शृंखला चलि नै रहनेछ । अहिले संसद् अवरोधको शृंखलाबीच बल्लतल्ल प्रस्तुत भएको नीति तथा कार्यक्रममाथिको छलफल र अनुमोदनको प्रक्रिया भने अनिश्चित छ । बढ्दो राजनीतिक अस्थिरता, त्रिशंकु संसद्, गठबन्धनमा पटक-पटक आएको बदलाव, मन्त्रालयमा मन्त्री र सचिवलगायत उच्चपदस्थ कर्मचारीको परिवर्तनले हरेक वर्षका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा जटिलता पैदा गरि नै रहेको छ । विगतमा झैं नीति तथा कार्यक्रम र बजेटबीच तालमेलमा कमी हुन सक्ने सम्भावना यसपटक पनि जीवितै छ । एकातर्फ, आर्थिक शिथिलताको निरन्तराका कारण राजस्व संकलनमा कमी हुने र अर्कातर्फ, बढ्दो चालू खर्च, अघिल्ला सरकारको पालामा स्रोत सुनिश्चितताविना कार्यान्वयनमा लगिएका योजनाको पूर्णता तथा भुक्तानी (दायित्व) र ऋणको सावाँब्याज भुक्तानीका निम्ति उपलब्ध स्रोत खर्चिनुपर्ने परिस्थितिमा नयाँ कार्यक्रमको कार्यान्वयनका निम्ति स्रोत पर्याप्त हुन नसक्ने सम्भावना छ । त्यस्तै, स्वदेशी निजी लगानी निरुत्साहित भएको र विदेशी लगानीको आकर्षणमा कमीका कारण मुलुकले पुँजी अभावको स्थिति झेल्नुपर्ने हुन्छ ।

महत्वाकांक्षी योजना र कार्यक्रमको तर्जुमा तर कार्यान्वयनमा उदासीनताको रोगबाट मुलुकले त्यत्ति छिट्टै मुक्ति पाउने देखिँदैन । विगतमा कार्यान्वयन गरिएका प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रमलगायत उत्पादन तथा रोजगारी प्रवर्द्धन र सामाजिक विभेद अन्त्यका लागि निर्दिष्ट केन्द्रीय विशेष कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका दोहोरोपना, भ्रष्टाचार र अनियमितताको शृंखलाले यस्ता कार्यक्रमको सफल कार्यान्वयनमा शंका पैदा गरेको छ । आयोजना चक्रको चरणबद्ध प्रक्रियाको अवलम्बनमा समस्या, अन्तरनिकाय समन्वयको कमी, पारदर्शितामा कमी, अख्तियारको भूत र प्रशासनिक ढिलासुस्ती एवं भन्झट, स्वार्थ समूहको हस्तक्षेपजस्ता अवरोध कायमै छन् । यसरी, जटिल राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, तरल राजनीतिक अवस्था, कमजोर स्रोत-साधन क्षमता, कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित प्रक्रिया, पात्र र प्रवृत्तिमा विद्यमान समस्याजस्ता कारणले प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयन र आशातित प्रतिफल प्राप्तिमा विगतमा झैं यसपटक पनि आशंका पैदा भइरहेको छ ।

(डा. पन्त प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशका पूर्वउपाध्यक्ष हुन्)

३ प्रश्न

राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता **डा. टीकाराम पोखरेल**लाई



अस्पताललाई तिर्ने रकम अभावका कारण मृतकको शव बन्धक बन्ने अवस्था आउनुलाई के भन्नुहुन्छ ?

यो मानवीय संवेदनाको गम्भीर विषय हुँदाहुँदै पनि निजी अस्पताललाई उपचारमा लागेको सम्पूर्ण रकम छुट गरिदेऊ भन्न नमिल्ने रहेछ । यद्यपि, मानवीयताको पाटोलाई उनीहरूले पनि बिर्सिनु हुँदैन । हामीकहाँ यस्ता घटना पटकपटक दोहोरिइरहेका देखिन्छन् । यसमा संघीय सरकारसँगै स्थानीय र प्रदेश सरकार थप जिम्मेवार हुनुपर्छ । आर्थिक अभावमा आफ्ना नागरिकको शव बन्धक बन्दा पनि उनीहरू के हेरेर बसिरहेका छन् ? विराट नर्सिङको घटनामा भने गाउँपालिका अध्यक्षले रकम तिर्ने ग्यारेन्टी गर्दा पनि सुरुमा शव दिन नमानेको र पछि मात्र दिएको भन्ने समाचार आइरहेको छ । अस्पतालबाट त्यस्तो गरिएको भए त्यो गलत भयो ।

यसमा राज्य र उसका निकायको भूमिका कस्तो हुनुपर्छ ?

राजनीतिक अस्थिरताले गर्दा हाम्रो राज्यको ध्यान सरकार टिकाउने र गिराउने खेलमै मात्र केन्द्रित भयो । जनताका समस्यामा राज्यको ध्यान गएको देखिएन । राज्यका निकायहरू पनि जनताका पीडामा गम्भीर भएनन् । जन्मनुभन्दा अघिदेखि मृत्युसंस्कारसम्मका व्यक्तिका अधिकार मानव अधिकारभित्र पर्छन् । यसको सम्मानका लागि राज्य जिम्मेवार हुनैपर्छ ।

भविष्यमा यस्तो अवस्था दोहोरिन नदिन के गर्नुपर्ला ?

जनताका गाँस, वास, कपास, शिक्षा र स्वास्थ्य सेवा राज्यले चाहेमा व्यवस्था गर्न नसक्ने विषय नै होइन । राज्यले नचाहेर मात्र यस्तो भइरहेको हो । शिक्षा र स्वास्थ्य त राज्यले पूर्ण निःशुल्क गर्नैपर्ने हो । तैपनि, हाम्रो राज्यले सक्दैन भने कम्तीमा विपन्न नागरिकका लागि विशेष व्यवस्था गर्नैपर्छ । र, उसले चाहेमा सक्छ पनि ।

प्रेरक प्रसंग

महात्मा र अभिभावक

एक बालक अति नै धेरै सक्खर खाने गर्थे । उनको यस बानीबाट उनका अभिभावक हैरान थिए । एक दिन पितालेबालकलाई गाउँका एक महात्माकहाँ लिएर गए । उनले महात्मासित अनुरोध गरे- गुरुदेव, मेरो छोरा भर्खर ८ वर्षको भयो । यसलाई हामी असाध्य माया गर्छौं । तर, ऊ अति नै धेरै सक्खर खान्छ । यसबाट उसको स्वास्थ्य खराब भइरहेको छ । उसको यो बानी छुटाउन हामीले हरसम्भव कोसिस गरिसक्यौं । तर, हाम्रो हरेक कोसिस खेर गयो, हामी असफल भयौं । अब तपाईंबाटै केही सहयोग पाउने आशामा आएका छौं । जसरी भए पनि उसको यो बानी छुटाइदिनुपऱ्यो गुरुदेव ! महात्माले सबै कुरा सुनिसकेपछि भने- ठीक छ, अहिले जानुहोस्, दुई हप्तापछि आउनुहोस् । महात्माको जवाफ उनलाई अनौठो त लाग्यो । तर, उनले महात्मासित बहस गर्न सकेनन्, चुपचाप घर फर्किए ।



दुई सातापछि छोरालाई लिएर उनी महात्माकहाँ उपस्थित भए । उनले महात्मालाई भने- गुरुदेव, तपाईंले यसका लागि हामीलाई किन दुई हप्तापछि आउनू भन्नुभयो ? तपाईंले पहिले त कहिल्यै यस्तो भन्नुभएको थिएन ।

महात्माले भने- मेरो पनि केटाकेटीदेखि नै गुलियो खाने खराब बानी थियो । तर, स्वयं मैले नै मेरो बानी छोड्न सकेको थिइनँ भने तिम्रो बालकलाई के भनेर कुन मुखले सम्झाउन सक्थें र ? यी दुई सातामा मैले तिम्रो छोरालाई राम्रैसँग सम्झाउन सकूँ भनेर आफूले आफूलाई राम्रोसित नियन्त्रित गरैं । र, अब बल्ल म तिम्रो छोरालाई सम्झाउन तयार भएँ ।

यस कथा प्रसंगबाट यही प्रस्ट हुन्छ कि जो मानिसको कथनी र करनीमा अन्तर छ, उसको विचारको प्रभाव कसैमा पनि पर्नेवाला छैन । त्यसैले कसैलाई कुनै उपदेश दिनुअघि स्वयंलाई राम्ररी मनन गर्नु जरुरी छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्वार्थको राजनीति बन्द गर

हाम्रो जस्तो सानो देशको स्तरवृद्धि गर्ने र राजनीतिको दिशा स्पष्ट गर्ने भनी विगत लामो समयदेखि दलका नेताले दाबी गर्दै आएका छन् । तर, हाम्रा दल र तिनका नेताले स्वार्थको राजनीति नछाड्दा सुधारको संकेत देखिइरहेको छैन । सुधारका लागि सर्वप्रथम हरेक नेतृत्वकर्ताले देश र जनताको हितका मार्गमा जाने प्रतिबद्धता र व्यक्तिगत स्वार्थमा नलाग्ने संकल्प गर्नुपर्ने देखिन्छ । आजको दिनमा पनि सानोतिनो स्वार्थका कुराले संसद् चलिरहेको छैन । यसले देश कतातिर लाँदै छ ? चिन्तन गर्नुपर्ने देखिन्छ । होइन भने संसद्लाई देश र जनताको हितमा सक्रिय रूपमा चल्न दिनुपर्छ । जसरी पनि अब स्वार्थको राजनीति बन्द गर्नुपर्छ । अन्यथा, अब जनताले नै यसबारे निर्णय लिनुपर्ने अवस्था आउन सक्छ ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkumarthapa72@gmail.com

विराट नर्सिङलाई कारबाही गर

गाउँपालिकाले उपचारमा खर्च भएको रकम तिर्छु भन्दा पनि मृतकको शव दिन नमान्ने विराट नर्सिङका सञ्चालकलाई तत्काल कडा कारबाही गरिनुपर्छ । अस्पतालको सामाजिक दायित्व पनि हुन्छ । उसले सोही दायित्वअन्तर्गत पनि बिरामीको उपचारमा भएको खर्च उसको अवस्था हेरेर मिनाहा गर्नुपर्ने पनि हुन्छ । तर, विराट नर्सिङले रकम अभावका कारण लास नै कब्जा गरेर पीडित परिवारमाथि अत्याचार गरेको छ । उसले यस अत्याचारका लागि अवश्यै सजाय पाउनुपर्छ ।

● **विन्दा सिंह**
गुर्जुधारा, काठमाडौं

राज्यको दायित्व के हो ?

विराटनगरस्थित विराट नर्सिङ होमले उपचार खर्चको अभावमा मृतकको शव कब्जा गरेर राखेको तथा गाउँपालिकाका अध्यक्षले पैसा तिर्ने प्रतिबद्धता जनाउँदा पनि शव दिन आनाकानी गरेको समाचार पढ्दा दुःख लाग्यो । हुन त उसले अहिलेसम्म मृतकको शव परिवारलाई हस्तान्तरण गरिसकेको छ । तर, उसको यो काम दण्डनीय छ । यसमा राज्यले पनि आफ्नो भूमिका निभाउन सकेको देखिएन । के संघ र प्रदेशको आफ्ना नागरिकप्रति कुनै दायित्व हुँदैन ?

● **गोविन्द राई**
दुवाकोट, भक्तपुर

नेतृत्वको उदासीनता किन ?

हाम्रो देशमा आवश्यकभन्दा बढी राजनीति हुँदा विकास निर्माणलगायत धेरै महत्त्वपूर्ण विषय ओझेलमा परेका छन् । विगत एक महिनादेखि संसद् अवरुद्ध छ । देशको मूल समस्यामा सांसदले आफ्नो विचार राख्न पाएका छैनन् । नीत-निर्माता देशका लागि आवश्यक नीतिमाथि मन्थन गर्नुको साटो धकेलाधकेलमै रमाइरहेका छन् । हाम्रो देश पछि पर्नुमा यो अति राजनीति पनि एक कारण हो । मुलुकबाट हरेक बर्ष लाखौंलाख अदक्ष कामदार मात्र होइन, दक्ष जनशक्ति पनि ठूलो संख्यामा विदेश पलायन भइरहेका छन् । यही गतिमा दक्ष जनशक्ति विदेश पलायन भएमा अबको १० वर्षपछि मुलुकमै बसेर आफ्नो स्वास्थ्योपचार पनि गर्न नपाउने दिन आउन बेर छैन । के हाम्रा दलका शीर्ष नेता र नीति-निर्माताले त्यसबारे गम्भीर ढंगले चिन्तन गरेका छन् त ? तिनले दक्ष जनशक्तिलाई मुलुकमै रोक्ने रोजगारी र आकर्षक तलबभत्ताबारे छलफल थालेका छन् त ? ती आफ्नो पद, कमिसन र भ्रष्ट आचरणका नेता तथा कार्यकर्तालाई बचाउने चिन्तनमा मात्र व्यस्त छन् । गत वर्ष नेपालमा दुई हजार २२२ डाक्टरले परीक्षा पास गरे भने त्योभन्दा बढी अर्थात् दुई हजार ३१८ डाक्टरले विदेश जान असल चारित्रिक प्रमाणपत्र लिए । यो कस्तो डरलाग्दो तथ्यांक हो । र, पनि नीति निर्मातामा कुनै चिन्ता छैन । आखिर किन ? राजनीतिक नेतृत्व यसबारे किन उदासीन छ ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

ध्रुवीकरणका समयमा सहकार्ययुक्त महामारी सम्झौता

हालको तनावबीच विश्वव्यापी महामारीविरुद्धको तयारीलाई वृद्धि गर्न र अवसरलाई सदुपयोग गर्न भइरहेका सबै अन्तर्राष्ट्रिय प्रयास प्रशंसनीय छन्



देश / विदेश

● टेड्रोस अधानोम घेब्रियासिस

हुँदै वर्षभन्दा बढी समयदेखि विश्वका मुलुकले ऐतिहासिक र पुस्तौंका लागि काम लाग्ने लक्ष्यमा मिलेर काम गरेका छन् । कोभिड-१९ ले निम्त्याएको विनाशबाट पाठ सिकेर हामी अर्को महामारीका लागि थप राम्रोसँग तयार छौं भन्ने सुनिश्चित गर्नु यो सहकार्यको उद्देश्य हो । द्वन्द्व, राजनीति र अर्थतन्त्रले विनाश, असमझदारी र विभाजन ल्याएको समयमा सार्वभौम सरकारले सहयोगी रूपमा काम गर्ने बाटो फेला पारेका थिए । यी मुलुकले विश्वलाई भविष्यमा अपरिहार्य हुने भनिएका महामारीको आपत्बाट जोगाउन नयाँ विश्वव्यापी सम्झौता गरेका थिए । यो अत्यावश्यक प्रयास एक सय ९० भन्दा बढी राष्ट्रद्वारा नियुक्त सयौं वार्ताकारद्वारा सञ्चालित भएको हो । यो सहकार्य हाम्रो जीवनकालको सबैभन्दा विनाशकारी घटनाबीच सुरु गरिएको थियो । आधिकारिक गणनाका आधारमा कोभिड-१९ का कारण ७० लाखभन्दा बढीको मृत्यु भएको थियो । तर, मृत्युको हुनेको वास्तविक संख्या थप हुन सक्ने देखिन्छ । कोरोना भाइरस महामारीले विश्व अर्थतन्त्रमा अर्बौं डलरको घाटा गराएको थियो । बेरोजगारीदेखि विद्यालय बन्दजस्ता सामाजिक उथलपुथलले विश्वव्यापी रूपमा मानिसलाई चोट पुऱ्याएको छ । कोभिड-१९ संक्रमण उच्च फैलावटका बेला विश्वभरका अस्पताल बिरामीले भरिएका थिए, जहाँ स्वास्थ्यकर्मीले दिनरात नभनी हेरचाह गरिरहेका थिए, तब दुई दर्जनभन्दा बढी विश्वनेता एकताका लागि विश्वव्यापी आह्वान जारी गर्न एकसाथ आएका थिए । यी नेताले संसारलाई फेरि कहिल्यै अर्को महामारीका लागि असुरक्षित छोड्नु हुँदैन भन्ने प्रतिबद्धता जनाएका थिए । अत्यावश्यक सूचना, चिकित्सा उपकरण र औषधी आदानप्रदान गर्न सरकार कहिल्यै पनि चुक्नु हुँदैन भन्नेमा पनि नेता सहमत थिए । र, यी नेताले विश्वका गरिब देश र समुदायलाई उपेक्षा गर्न सकिँदैन, अर्थात् जब खोपजस्ता जीवन बचाउने संयन्त्रमा पहुँचको कुरा आउँछ, त्यसबेला विपन्नलाई छुटाउनुहुँदैन भनेर जोड दिएका थिए । त्यसबेला हामीले समता हाम्रो मार्गदर्शक सिद्धान्त हुनुपर्छ भन्ने कुरामा जोड दिएका थियौं र अझै पनि गर्छौं । विभिन्न राष्ट्रपति र प्रधानमन्त्रीले एक प्रभावकारी सम्झौताको आवश्यकतामा जोड दिएका थिए । जहाँ हामीले मुलुकलाई सीमापार सहयोग गर्न आग्रह गर्दै घातक भाइरसले सिमाना, जातीय/नस्लीय भिन्नता र आर्थिक स्थितिलाई उपेक्षा गर्छ भनेर स्मरण गराएका थियौं । यसले विश्व स्वास्थ्य संगठनका एक सय ९४ सदस्य राष्ट्रलाई दुई महत्त्वपूर्ण र समानान्तर हुने प्रयास सुरु गर्न उत्प्रेरित गऱ्यो । अर्थात् महामारीलाई रोक्न, तयारी गर्ने र त्यसलाई प्रतिक्रिया दिने उद्देश्यले ठूलो महामारी सम्झौताका लागि वार्ता सुरु गर्ने र विद्यमान अन्तर्राष्ट्रिय स्वास्थ्य नियममा लक्षित संशोधन लागू गर्ने समझदारी भएको थियो । यी व्यवस्थाले सार्वजनिक स्वास्थ्य आपत्कालीन अवस्था पत्ता लगाउन, सतर्क बनाउन र सम्बोधन गर्न मुलुकका लागि विश्वव्यापी रूपरेखाका रूपमा काम गर्छ । प्रचलित सामाजिक र राजनीतिक विभाजनले राष्ट्रबीच स्पष्ट अवरोध निम्त्याइरहेको भए पनि यी सरकारको नेतृत्वमा रहेकाको पहलले भविष्यका महामारीविरुद्ध विश्वव्यापी सुरक्षा बढाउन मुलुकलाई एकताबद्ध गरेको थियो । यी महत्त्वपूर्ण वार्ताका नतिजा जेनेभामा २७ मेमा सुरु हुने ७७औं विश्व स्वास्थ्य सम्मेलनमा समीक्षा हुने तय गरिएको छ । सम्मेलन नजिकिँदै गर्दा विश्वव्यापी चासो अभूतपूर्वस्तरमा पुगेको छ । महत्त्वपूर्ण



तस्बिर : डेनिस बेलिबाउस/रोयटर्स

मुद्दालाई अझै सम्बोधन गर्न आवश्यक छ ।

विशेषतः प्रस्तावित महामारी सम्झौताभित्र भविष्यका महामारीलाई रोक्न वा त्यसमा प्रतिक्रिया दिन सबै मुलुकका लागि समान तत्परता सुनिश्चित गर्ने विषय सम्बोधन गर्न आवश्यक छ ।

समता 'कार्यान्वयन' एक निरन्तर छलफलको विषय बनेको छ । यसले खोप, निदान, उपचार, व्यक्तिगत सुरक्षा उपकरण र अन्य आवश्यक स्रोतमा पहुँचमा असमानताको पुनरावृत्तिलाई रोक्नका लागि आफ्ना स्वास्थ्यकर्मी र समुदायलाई महामारीको जोखिमबाट जोगाउन आवश्यक स्रोतमा समयमै पहुँच छ भन्ने प्रत्याभूति समावेश गरेको छ । समता कार्यान्वयनमा प्रत्येक देशसँग भविष्यको महामारीलाई सम्बोधन गर्न तयार बलियो स्वास्थ्य सेवा प्रणाली भएको सुनिश्चित गर्नु पनि समावेश छ चाहे महामारीको उत्पत्ति जुनसुकै ठाउँमा होस् । विश्वव्यापी स्वास्थ्य सुरक्षा सम्भावित महामारी रोगजनकविरुद्ध रक्षामा रहेका सबै कमजोरी हटाउनुमा निर्भर गर्छ । यस रक्षा संयन्त्रको हरेक पक्षलाई सुदृढ बनाउन विश्वव्यापी स्वास्थ्य समतालाई कायम राख्न आवश्यक छ ।

यी सबैका लागि रोगजनक र निदानदेखि लिएर सूचना र स्रोतमा के आवश्यक छ भन्ने विषय साझा गर्न मुलुकबीचको सहकार्य आवश्यक छ । र, राजनीतिक नेतृत्वले संकीर्ण राष्ट्रवादमा नभई विश्वव्यापी सहयोगमा केन्द्रित भए मात्र यो सहकार्य सुर

को बन्लान् मोदीका उत्तराधिकारी ?

सन् १९८० को मोदीसँगको घनिष्ठ सम्बन्धका कारण अमित साह मोदीको सबैभन्दा बलिया उत्तराधिकारी मानिन्छन्, तर साहले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको कडा चुनौतीको सामना गर्नुपरेको छ

भ्रष्टाचार आरोपमा मार्चदेखि जेलमा रहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवाल अन्तरिम जमानतमा रिहा भए । मे १० मा अन्तरिम जमानतमा रिहा भएपछि केजरिवालले भोलिपल्ट एक पत्रकार सम्मेलन आयोजना गरी आफूमाथिको आरोप राजनीतिक रूपमा प्रतिशोधपूर्ण रहेको बताउदै प्रधानमन्त्री नरेन्द्र मोदीलाई 'तानासाह'को संज्ञा दिए । त्यस क्रममा उनले एक अप्रत्याशित 'राजनीतिक ग्रिनेड' प्रहार गरे । भारतीय जनता पार्टी(भाजपा)ले लगातार तेस्रो पटक बहुमत ल्याए मोदी अर्को वर्ष पार्टीको अनौपचारिक अवकाश उमेर हद ७५ वर्ष पुग्ने र राजीनामा दिने केजरिवालले दाबी गरे । त्यसपछि मोदीको स्थानमा ५९ वर्षीय गृहमन्त्री अमित साह प्रधानमन्त्री हुने उनले बताए ।

साहले तुरुन्तै प्रतिक्रिया दिदैं भाजपाको संविधानमा सेवानिवृत्तिको कुनै नियम नभएको र मोदीले अर्को पूर्ण पाँच वर्षको कार्यकाल सेवा गर्ने बताए । तैपनि, केजरिवालले भाजपाभित्रको एक महत्वपूर्ण प्रश्नलाई सतहमा ल्याइदिए - मोदीको अवकासपछि उनको स्थान कसले लिन सक्छ ?

उत्तराधिकार भाजपाको तत्कालको चिन्ता होइन । यद्यपि, पार्टीले सन् २०१९ मा पार्टीका धेरै दिग्गजलाई हटाउन दलको सेवानिवृत्ति नियम प्रयोग गऱ्यो । तर, पार्टीले मोदीको लोकप्रियतालाई ध्यानमा राख्दै यसलाई फेरि लागू गर्ने सम्भावना कम छ । यदि भाजपाले सन् २०२९ मा पनि जित्यो भने मोदीले भारतको सबैभन्दा लामो समयसम्म सेवा गर्ने प्रधानमन्त्री जवाहरलाल नेहरूलाई पछि पार्दै अर्को पाँच वर्ष सेवा गर्न सक्छन् ।

मे ६ मा एक अन्तर्वार्तामा सन् २०२९ मा फेरि चुनावमा प्रतिस्पर्धा गर्ने हो भनी सोधिएको एक प्रश्नको जवाफमा मोदीले भनेका थिए, 'एउटा व्यक्तिको भरमा कुनै पनि देश चल्नुहुँदैन,' उनले भने, 'तर, आशाको जप गरेर मात्र कसैले आफ्नो भविष्य लेख्न सक्दैन । जे भए पनि भाजपाले उत्तराधिकारको समस्याको सामना गरिरहेको छ । मोदी पार्टीको सबैभन्दा ठूला पुँजी हुन् । सन् २०१९ मा भाजपालाई मतदान गर्नेहरूमध्ये एकतिहाइले मुख्य रूपमा उनकै कारणले मतदान गरेका थिए । सर्वेक्षणहरूले सुझाव दिन्छन् कि मोदीको नेतृत्वविना पार्टीप्रतिको समर्थन घट्न सक्छ । जारी लोकसभा निर्वाचनमा मतदाताको न्युन उपस्थितिले 'मोदी थकान'लाई संकेत गरेको केही विश्लेषकले तर्क गरेका छन् ।

भाजपाले पहिलेदेखि मुख्य विपक्षी दल कंग्रेसमा गान्धी परिवारको प्रभुत्वको विपरीत आफ्नो दलमा क्षमतालाई जोड दिने संस्कृति रहेको बताउदै आएको छ । यस्तो दावी गर्ने दलले मोदीको सेवानिवृत्ति (वा अचानक आउनसक्ने अस्वस्थता) को तयारीमा सम्भावित उत्तराधिकारीको रूपरेखा सुरुवात गर्न आवश्यक छ । मोदी आफै पनि आफ्नो विरासत जोगाउन सक्षम उत्तराधिकारी छनोटमा पनि चासो राख्छन् । तर, अन्य बलवान् नेताहरूजस्तै उनी आफूलाई नै 'लेम डक(कमजोर)' बनाउन सक्ने व्यक्तिलाई अभिषेक गर्नदेखि सावधान हुनेछन् ।



प्रधानमन्त्री नरेन्द्र मोदी (दायाँ) र गृहमन्त्री अमित साहका बीच उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ ।

> भाजपाको अर्को सानदार विजयले मोदीलाई सेवानिवृत्ति ढिलाइ गर्न थप छुट दिँदै शक्तिको व्यक्तिकरणलाई निरन्तरता दिनेछ । तर, निराशाजनक निर्वाचन परिणामले दाबेदारबीचको संघर्षलाई तीव्र पार्दै उत्तराधिकारका लागि आह्वान हुनेछन् । जे भए पनि संक्रमण जोखिमले भरिपूर्ण हुनेछ

भाजपाको नेतृत्व चयनमा थप जटिल विषय दुई अन्य सरोकारवालाको भूमिकाले निम्त्याउँछ । एउटा हो, राष्ट्रिय स्वयंसेवक संघ (हिन्दू राष्ट्रवादी संगठन आरएसएस), जसबाट भाजपाको उदय भयो । यसको मुख्य चासो हिन्दू धार्मिक पहिचान रहन्छ । अर्को भाजपाको विशाल कोषको प्रमुख स्रोत व्यापारी समुदाय हो । स्वतन्त्रताको शताब्दीऔं वार्षिकोत्सव (सन् २०४७मा) भारतलाई विकसित अर्थतन्त्र बनाउने पार्टीको लक्ष्यको नजिक पुग्न यो समुदायको आत्मविश्वास आवश्यक छ ।

सन् १९८० को दशकदेखि गुजराती र राजनीतिक सहयोगी मोदीसँगको घनिष्ठ सम्बन्धका कारण साह मोदीको उपर्युक्त उत्तराधिकारी मानिन्छन् । तर, साहले ५१ वर्षीय हिन्दू पुजारी र भारतको सबैभन्दा बढी जनसंख्या भएको राज्य उत्तर प्रदेश (युपी)का मुख्यमन्त्री योगी आदित्यनाथको कडा चुनौतीको सामना गर्नुपरेको छ । फेब्रुअरीमा गरिएको एक सर्वेक्षणमा उनलाई भारतको सबैभन्दा लोकप्रिय मुख्यमन्त्री र मोदीको उत्तराधिकारीका लागि साहपछिको व्यक्तिको रूपमा मतदान गरिएको थियो । त्यस्तै, ६६ वर्षीय सडकमन्त्री नितिन गडकरी तेस्रो स्थानमा देखिए ।

तीनैजनाले सार्वजनिक रूपमा आफ्नो नेतृत्वको आकांक्षा देखाएका छैनन् । अझै, मञ्चपछाडि त्यहाँ केही संकेत छन् । आदित्यनाथले सन् २००२ मा हिन्दू युवा वाहिनी (हिन्दू युथ फोर्स) मिलिसिया वा एचवाइभीको स्थापना गरेपछि पहिलोपटक भजापाभित्र विवाद उत्पन्न गऱ्यो । मुस्लिमहरूमाथि हिंस्रक आक्रमण सञ्चालन गर्नुका साथै यसले प्रायः हिन्दुत्व (हिन्दू राष्ट्रवाद) लाई नरम पार्ने भाजपाको आलोचना गऱ्यो । केही वरिष्ठ भाजपा नेताहरू आदित्यनाथलाई युपीको नेताको रूपमा चाहँदैनन् । आदित्यनाथको बारेमा आरएसएसको पनि आपत्ति थियो, मोदी र साहविपरीत उनी आफ्नो दर्जाबाट माथि उठेका छैनन् । तर, पार्टीले उनलाई एक शक्तिशाली भोट-विजेता र हिन्दुत्व अधिवक्ताको रूपमा हेर्छ । गत वर्ष आरएसएसले आदित्यनाथ र भाजपाको राज्य एकाइबीच राम्रो समन्वयका लागि हस्तक्षेप गऱ्यो ।

आदित्यनाथ भाजपाबाहिर पनि विभाजित छन् । एचवाइभी धेरै हदसम्म विघटन भए पनि उनी अझै पनि भाजपाको शीर्ष स्थानमा मुस्लिमविरोधी बयानबाजीको सबैभन्दा प्रखर रक्षक मानिन्छन् । सन् २०१९ मा निर्वाचन आयोगले मुस्लिमविरोधी टिप्पणीको कारण उनलाई तीन दिनका लागि प्रचार गर्न प्रतिबन्ध लगाएको थियो । उनको सरकारले हलाल उत्पादन प्रतिबन्ध लगाउने र आपराधिकताको आरोपमा धेरै मुसलमानको घर भत्काउने विवादास्पद नीति पनि ल्याएको छ । तर, युपी सरकारले अवैध घरलाई मात्र भत्काएको दाबी गरेको छ) । अप्रिलमा उनले कंग्रेस पार्टीले सरिया कानुन लागू गर्न चाहेको आरोप लगाए ।

त्यस्ता विकृतिले पार्टीको अपिललाई हिन्दुत्वको आधारभन्दा बाहिर सीमित पार्छ भन्ने भाजपाको चिन्ता हो । आदित्यनाथसँग व्यापक व्यापारिक समर्थनको पनि अभाव छ र केहीलाई डर छ कि साहको तुलनामा आर्थिक व्यवस्थापनमा उनले मोदीको दृष्टिकोणलाई जारी राख्ने सम्भावना कम छ । यस तथ्यका बाबजुद आदित्यनाथले हालै आर्थिक उछाल देखेका छन् । कतिपयले उनलाई नयाँ सडक निर्माण गर्ने, विदेशी लगानी आकर्षित गर्ने र सुरक्षा सुधार गर्ने श्रेय पनि दिन्छन् । जनवरीमा उनले विवादास्पद हिन्दू मन्दिरको उद्घाटन र मन्दिरवरपर ठूलो पूर्वाधारको स्तरोन्नति गरे ।

यति हुँदाहुँदै पनि साहको सम्भावना धेरै छ । उनलाई मोदीको सम्मान छ । उनले प्रहरी र अन्य सुरक्षा निकायको निगरानी गर्छन् । उनी भजपाको चुनावी रणनीतिकार र यसको निर्णय लिने संसदीय बोर्डको सदस्य पनि हुन् । आदित्यनाथलाई चुनावपछि दिल्लीमा 'केही सुरक्षित' मन्त्री पद दिइन्छ, आदित्यनाथबारे पुस्तकका लेखक शरत प्रधान भन्छन् । यसले युपीको नेताको रूपमा धेरै शक्तिशाली भूमिकामा रहने र गुजरातबाट प्रधानमन्त्रीमा मोदीको उछालको अनुकरण गर्ने आदित्यनाथको योजनालाई असफल बनाउँछ ।

तर, आदित्यनाथले पार्टी छोड्ने धम्की दिएर दिल्ली जाने बाटोको प्रतिरोध गर्न सक्छन् । उनलाई युपीबाट केन्द्रमा लैजाँदा त्यहाँ भाजपाको परिदृश्यलाई हानि गर्न सक्छ । मोदीले सेवानिवृत्त हुनुअघि आफूलाई उत्तराधिकारीको रूपमा अभिषेक गर्न सक्ने (सम्भवतः उपप्रधानमन्त्रीमा पदोन्नति) उनले आशा गर्न सक्छन् । तर, धेरैलाई आशंका छ कि मोदीले अरूलाई नै जिम्मेवारी दिनेछन् । त्यस अवस्थामा साहको सम्भावना कमजोर हुनेछ, किनभने उनी पार्टी र व्यवसायी नेतामाझ प्रियभन्दा बढी डरलाग्दा छन् ।

साहको अर्को कमजोरी आकर्षणको कमी हो । उनी प्रायः विपक्षी र मुस्लिमबारे उत्तेजक टिप्पणी गर्छन् । उनी वक्ता होइनन् । एक हिन्दुत्व प्रतिमाको रूपमा उनी आदित्यनाथको पवित्र गेरुवस्त्रसामु फिक्का छन् । उनको सरकारी रेकर्ड गडकरीलगायत नेताको भन्दा कम अनुभूतियोग्य छ । गडकरीलाई व्यापार र आरएसएसबाट पनि बलियो समर्थन छ । आरएसएसको मुख्यालय उनको गृहनगर र निर्वाचन क्षेत्रमा छ । तर, धर्म र अन्य मुद्दामा गडकरीको मौनताले केही भाजपा नेताहरूलाई (मोदीसहित) रिस उठेको छ र सन् २०२२ मा उनलाई पार्टीको संसदीय बोर्डबाट हटाइयो ।

यस्तो गतिशीलता कसरी विकसित हुन्छ, त्यो चुनावको नतिजामा निर्भर गर्छ । भाजपाको अर्को सानदार बिजेपी विजयले मोदीलाई सेवानिवृत्ति ढिलाइ गर्न थप छुट दिँदै, शक्तिको व्यक्तिगतकरणलाई निरन्तरता दिनेछ । तर, निराशाजनक निर्वाचन परिणामले अग्रगामी दाबेदारबीचको संघर्षलाई तीव्र पार्दै उत्तराधिकारका लागि आह्वान हुनेछन् । जे भए पनि संक्रमण जोखिमले भरिपूर्ण हुनेछ ।

- द इकोनोमिस्टबाट

इरानमा २८ जुनमा राष्ट्रपति चुनाव



रइसीको अन्त्येष्टिमा सहभागी

तेहरान/ इरानले नयाँ राष्ट्रपति चयनका लागि जुन २८ मा राष्ट्रपति चुनाव गराउने सरकारी मिडियाले जनाएको छ । न्यायपालिका, सरकार र संसद्का प्रमुखको बैठकको निर्णयले राष्ट्रपति रायसीको उत्तराधिकारी चयनका लागि मतदान गर्ने निर्णय गरेको हो । उम्मेदवारी दर्ता मे ३० देखि जुन ३ सम्म हुने र चुनावी अभियान अवधि जुन १२ देखि २७ सम्म हुने राज्य सञ्चालित समाचार एजेन्सी इरनाले मंगलबार जानकारी गराएको छ । रइसीको कार्यकाल सन् २०२५ मा सकिँदै थियो, तर उनको असामयिक निधनपछि अब एक वर्षअघि राष्ट्रपतीय निर्वाचन हुने तय भएको हो ।

● रइसीको अन्त्येष्टि सुरु

हेलिकोप्टर दुर्घटनामा बितेका दिवंगत इरानी राष्ट्रपति इब्राहिम रइसीको अन्त्येष्टि समारोह मंगलबारदेखि सुरु भएको छ । राज्य सञ्चालित टिभी नेटवर्क प्रेस टिभीले हेलिकोप्टर दुर्घटनास्थल तब्रिजमा राष्ट्रपति रइसी र उनीसँगै मरेका मृतकको अन्त्येष्टिमा ठूलो भीड देखाएको थियो । मे १९ मा उत्तरपश्चिमी इरानको दुर्गम क्षेत्रमा हेलिकोप्टर दुर्घटना हुँदा ६३ वर्षीया राष्ट्रपति रइसी, विदेशमन्त्री हुसेन अमिराबदोल्लाहियान र अन्य सातजनाको मृत्यु भएको थियो । राष्ट्रपति रइसीको अन्त्येष्टि मे २३ मा देशको उत्तरपूर्वी सहर मसहादमा हुने उपराष्ट्रपति मोहसेन मन्सुरीले बताएका छन् । इमाम रेजाको समाधिमा बिहीबार साँझ अन्तिम संस्कार गरिने उनले बताए । मुख्य तीर्थस्थलमध्ये एक इमाम रेजा राष्ट्रपति रइसीको गृहनगर मसहदमा अवस्थित छ ।

मृतकका शव कोम सहरको पवित्र तीर्थस्थलबाट जमकरन मस्जिदमा पठाइनेछ, त्यसपछि राजधानी तेहरान लगिनेछ । तेहरानको ग्रान्ड मोसल्लाह मस्जिदमा बुधबार ठूला समारोह आयोजना गरिएको छ । त्यसपछि राष्ट्रपति रइसीको पार्थिव शरीरलाई मसहदको ऐतिहासिक इमाम रेजा मन्दिरमा लगिनेछ, जहाँ इरानका सर्वोच्च नेता आयतोल्लाह खमेनीले प्रार्थना गर्नेछन् । खमेनीले सोमबार पाँच दिनको शोकको घोषणा गरेका गर्दै सार्वजनिक बिदा दिएका छन् ।

उता सरकारले हेलिकोप्टर दुर्घटनाको अनुसन्धान सुरु गरेको छ । इरानी सशस्त्र बलका चिफ अफ स्टाफ मेजर जनरल मोहम्मद बघेरीलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले यस मुद्दाको अनुसन्धानका लागि उच्चस्तरीय प्रतिनिधिमण्डल नियुक्त गरेको जनाएका छन् । ब्रिगेडियर अली अब्दुल्लाहीको नेतृत्वमा प्रतिनिधिमण्डललाई घटनास्थलमा पठाइएको, अनुसन्धान सुरु भइसकेको र मिसन पूरा भएपछि अनुसन्धानको नतिजा घोषणा गरिने बताइएको छ । इरानका सर्वोच्च नेता आयतोल्लाह खामेनीले संविधानअनुरूप देशका प्रथम उपराष्ट्रपति मोहम्मद मोखबरलाई कार्यवाहक राष्ट्रपति नियुक्त गरेका छन् । त्यस्तै मन्त्रिपरिषद्ले उपविदेशमन्त्री अली बघेरी कानीलाई कार्यवाहक विदेशमन्त्रीको रूपमा नियुक्त गरेको छ ।

इतिहासमा आज

मे २२



सन् २००४ : भारतीय राष्ट्रिय कंग्रेसका नेता तथा पूवअर्थमन्त्री मनमोहन सिंह भारतका १३औं प्रधानमन्त्री बने ।

सन् १८४९ : अब्राहम लिंकनको नाममा डुंगा उचाल्न प्रयोग हुने एक उपकरणको आविष्कारकको रूपमा नाम दर्ता भयो । लिंकन आविष्कारको रूपमा नाम दर्ता हुने एक मात्र अमेरिकी राष्ट्रपति हुन् ।

सन् १९०६ : राइट दाजुभाइले तिनले आविष्कार गरेको 'विमान'का लागि प्याटेन्ट हासिल गरे, जसका लागि तिनले तीन वर्षअघि निवदेन दर्ता गराएका थिए ।

सन् १९३९ : जर्मन चान्सलर एडोल्फ हिटलर र इटलीका नेता बेनितो मुसोलिनीबीच 'प्याक्ट अफ स्टिल'नामक समझदारीमा हस्ताक्षर भयो । यस सम्झौताले सन् १९३६ को रोम-बर्लिन धुरी नामक गठबन्धनलाई औपचारिकता प्रदान गऱ्यो ।

सन् १९४७ : बाह्य वा आन्तरिक अधिनायकवादी शक्तिबाट खतरामा रहेका प्रजातान्त्रिक देशलाई राजनीतिक, सैन्य र आर्थिक सहायता प्रदान गर्न भनेर ल्याइएको 'ट्रुम्यान डक्ट्रिन' आजकै दिनबाट कार्यान्वयनमा आयो । सुरुमा टर्की र ग्रिसले सहायता पाए ।

सन् १९६० : चिल्लीको भाल्दिभिया केन्द्रबिन्दु रहेर रेकर्ड राख्न थालेपछिको सबैभन्दा ठूलो भूकम्प आयो । ९.५ रेक्टर स्केल सो भूकम्पबाट तुलनात्मक कम (हजारदेखि सात हजारबीच)को ज्यान गएको थियो ।

सन् १९७२ : नयाँ अनुमोदन भएको संविधानअनुरूप 'सिलोन'को नाम बदलिएर 'श्रीलंका' बन्यो ।

सन् १९९० : उत्तर यमन तथा दक्षिण यमनबीच एकीकरण भएर गणतन्त्र यमन स्थापना भयो ।

सन् २०१४ : थाइल्यान्डमा जनरल प्रयुत चान-ओ-चाको नेतृत्वमा कु भयो, जुन सन् १९३२ पछिको १२औं सैन्य कु थियो ।

बेलायतमा धर्म मान्ने जनसंख्यामा भारी गिरावट

एडिनवर्ग/ संयुक्त राज्यको एक एकाइ स्कटल्यान्डमा मंगलबार प्रकाशित पछिल्लो जनगणनाको विवरणअनुसार देशका बहुसंख्यक मानिसले उनीहरूले कुनै धर्म नमान्ने बताएका छन् । सन् २०२२ मा भएको जनगणनामा ५१ दशमलव एक प्रतिशत उत्तरदाताले 'कुनै धर्म नमान्ने' जवाफ दिएको स्कटल्यान्डको नेसनल रेकर्डसले बताएको छ । यसअघि अर्थात् सन् २०११ मा भएको जनगणनामा कुनै धर्म नमान्ने उत्तर दिनेको हिस्सा ३६ दशमलव सात प्रतिशत थियो । उता संयुक्त राज्यका अन्य एकाइ इंल्यान्ड र वेल्समा 'कुनै धर्म नमान्ने' जवाफ दिनेको संख्या दोस्रो उच्च देखियो । ती मुलुकमा सन् २०११ आफू कुनै धर्ममा आबद्ध नरहेको बताउने जनसंख्या २५ दशमलव दुई प्रतिशत रहेकोमा अहिले तिनको संख्या बढेर ३७ दशमलव दुई प्रतिशत पुगेको छ ।

उत्तरी आयरल्यान्डमा सन् २०११ मा १० दशमलव एक प्रतिशत जनसंख्याले आफू कुनै धर्ममा आबद्ध नरहेको जवाफ दिएका थिए । इसाई धर्मावलम्बी जनसंख्यामा गिरावट देखिँदा मुस्लिम जनसंख्या भने १० वर्षमा थोरैले बढेको छ । १० वर्षमा मुस्लिम जनसंख्या एक दशमलव ४५ प्रतिशतबाट बढेर दुई दशमलव दुई प्रतिशत भएको छ । धर्म मान्नेमध्ये 'इसाई' अहिले पनि सबैभन्दा ठूलो समुदाय कायम छ । सन् २०२१ मा उत्तरी आयरल्यान्डमा बस्ने क्याथोलिकहरूको संख्या पहिलोपटक प्रोटेस्टेन्ट र अन्य इसाई सम्प्रदायभन्दा बढी भएको छ । बेलायतको स्वामित्वमा रहेको आयरल्यान्ड टापुको यो हिस्सालाई सन् १९२१ मा प्रोटेस्टेन्ट-बहुमत हुने गरी बनाइएको थियो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०२/०९

यस बैंकको शाखा कार्यालय घोराही, दाङबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

श्री दामोदर शर्मा पोखेलकी बुहारी, श्री पुरुषोत्तम शर्माकी छोरी, श्री नारायण पोखेलकी पत्नी, दाङ जिल्ला, घोराही न.पा. वडा नं. १ स्थाई ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १६ बस्ने श्रीमती **अनुपमा पोखेल** (ना.प्र.नं. ५२१०२०/३४४४, २०६६/०८/११, जि.प्र.का. दाङ)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री रिषिराम पोखेलको नाती, श्री दामोदर शर्मा पोखेलको छोरा, श्रीमती अनुपमा पोखेलको पति, दाङ जिल्ला, त्रि.न. नगरपालिका वडा नं. १ स्थाई ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १६ बस्ने श्री **नारायण पोखेल** (ना.प्र.नं. ९४४७/१७७, २०६२/१२/०७, जि.प्र.का. दाङ)

२. श्री मोहन बहादुर पुनको नाती, श्री राम बहादुर पुनको छोरा, दाङ जिल्ला, सौंडियार गा.वि.स. वडा नं. ३ स्थाई ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा वडा नं. १६ बस्ने श्री **चन्द्र बहादुर पुन** (ना.प्र.नं. ७६१/१४५१, २०५८/०४/०७, जि.प्र.का. दाङ)

२. ऋणीको नाम र ठेगाना

श्री कृष्ण प्रसाद चौधरीकी बुहारी, श्री कालुराम चौधरीकी छोरी, श्री पुना बहादुर चौधरीकी पत्नी, दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसीपुर उ.म.न.पा वडा नं. १९ बस्ने श्रीमती **सोग्या थरुनी** (ना.प्र.नं. १४३७/३०८८, २०६१/०६/२५, जि.प्र.का. दाङ)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री गुरु प्रसाद चौधरीको नाती, श्री कालुराम चौधरीको छोरा, श्रीमती खुन्ची चौधरीको पती दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसिपुर उ.म.न.पा वडा नं. १९ बस्ने श्री **राम चरण चौधरी** (ना.प्र.नं. १८९०/३०८९, २०६२/१२/१५, जि.प्र.का. दाङ)

२. श्री कालुराम चौधरीकी बुहारी, श्री छुनकु चौधरीकी छोरी, श्री राम चरण चौधरीकी पत्नी दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. ६ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसिपुर उ.म.न.पा वडा नं. १९ बस्ने श्रीमती **खुन्ची चौधरी** (ना.प्र.नं. ५२२०२५/१६२९, २०६७/०३/०९, जि.प्र.का. दाङ)

३. ऋणीहरुको नाम र ठेगाना

१. श्री शालिकराम डाँगीकी बुहारी, श्री लोक बहादुर के.सी.की छोरी, श्री पदम बहादुर डाँगीकी पत्नी, दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसीपुर उ.म.न.पा वडा नं. १८ बस्ने श्रीमती **देवा कुमारी के.सी.** (ना.प्र.नं. १२४१९/२०१६, २०४२/१२/२९, जि.प्र.का. दाङ)

२. श्री शालिकराम डाँगीको नाती, श्री पदम बहादुर डाँगीको छोरा, दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसीपुर उ.म.न.पा वडा नं. १८ बस्ने श्री **समिर डाँगी** (ना.प्र.नं. २०२५/१६०६, २०६७/०२/२१, जि.प्र.का. दाङ)

जमानीकर्ताको नाम र ठेगाना

श्री तिलकराम डाँगीको नाती, श्री शालिकराम डाँगीको छोरा, श्रीमती देवा कुमारी के.सी.को पती दाङ जिल्ला, बिजौरी गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल दाङ जिल्ला तुलसिपुर उ.म.न.पा वडा नं. १८ बस्ने श्री **पदम बहादुर डाँगी** (ना.प्र.नं. १२३३५/२७१२, २०४२/१२/२४, जि.प्र.का. दाङ)

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०२/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुर मा मिति २०७५/०१/२६ मा प्रा.फ.र.नं. ५९८/५९८ कायम भई दर्ता भई आन्तरीक राजस्व कार्यालय हेटौंडाबाट मिति २०७५/०१/२६ मा स्थायी लेखा नं. (पान नं.) ६०७८११८४५ प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री बालाजी डेरी आइसक्रिम पार्लर ।** **प्रोप्राईटर - तारा जि.एम.**	१. **तारा जि.एम.**को नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुरमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिमराभवानिपुर गा.वि.स वडा नं. १ स्थित कित्ता नं. ३२६ को क्षे.फ. ०-३-०-० (वि.क.घु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. **तारा जि.एम.**को नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुरमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिमराभवानिपुर गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १९८ को क्षे.फ. ०-३-१४-० (वि.क.घु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । ३. **तारा जि.एम.**को नाममा मालपोत कार्यालय, चन्द्रनिगाहपुरमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिमराभवानिपुर गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. १४०७ को क्षे.फ. ०-०-१०-० (वि.क.घु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । ४. ऋणी **श्री बालाजी डेरी आइसक्रिम पार्लर**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **तारा जि.एम.** ना.प्र.नं.- २५६/०२५६ जारी मिति - २०६०/०९/१८, जि.प्र.का. बारा बाबु - प्रेम बहादुर गोले बाजे - सेतु मान गोले पति - राज कुमार जि.एम. स्थायी ठेगाना- बारा जिल्ला, निजगढ न.पा, वडा नं. ०८ हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उप.म.न.पा वडा नं. ०२	२. **राज कुमार जि.एम.** ना.प्र.नं.- १८८ जारी मिति - २०४१/११/२५, जि.प्र.का. मकवानपुर बाबु - जित बहादुर घर्ती बाजे - गगन सिं घर्ती स्थायी ठेगाना- मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स., वडा नं. ०९ हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उप.म.न.पा वडा नं. ०२

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८१/०२/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक ।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट निम्न कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानूनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण

१) ऋणी : अन्जु तामाङ्ग (पाख्रीन)
बाबुको नाम :स्व. सिंह वहादुर तामाङ्ग
पतिको नाम : दिपक पाख्रीन
ससुराको नाम : देव बहादुर पाख्रिन
ठेगाना : धरान -०७, सुनसरी
हालको ठेगाना : पोखरा-०९, कास्की
नागरिकता नं. : २९०६३/०६२/६३
जारी गर्नेकार्यालय : जि.प्र.का., सुनसरी, ई.प्र.शाखा धरान
जारी मिति : २०६२/०९/१४
कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : पोखरा न्युरोड, कास्की

जमानीकर्ताको विवरण

क) नाम : रेनुका श्रेष्ठ
बाबुको नाम : सानुकाजी श्रेष्ठ
पतिको नाम : रमेश प्रसाद श्रेष्ठ
ससुराको नाम : विष्णु प्रसाद श्रेष्ठ
ठेगाना : ता.न.पा.-०९, पाल्पा
हालको ठेगाना : पोखरा-०९, कास्की
नागरिकता नं. : ३९१०६६/३८४
जारी गर्नेकार्यालय : जि.प्र. का., पाल्पा
जारी मिति : २०६४/०७/१४

जमानीकर्ताको विवरण

ख) नाम : दिपक पाख्रिन
बाबुको नाम : देव बहादुर पाख्रीन
बाजेको नाम : विर बहादुर पाख्रिन
ठेगाना : धरान - ०७, सुनसरी
हालको ठेगाना : पोखरा- ०९, कास्की
नागरिकता नं. : ३६१०/३०९५
जारी गर्नेकार्यालय : जि.प्र. का., सुनसरी
जारी मिति : २०३९/१२/०६

ग) नाम : केशरी लामा
बाबुको नाम :रुप वहादुर लामा
पतिको नाम : सुर्य बहादुर गुरुङ्ग
ससुराको नाम : भिम बहादुर गुरुङ्ग
ठेगाना : पोखरा - ०९, कास्की
हालको ठेगाना : पोखरा -०९, कास्की
नागरिकता नं. : ४९३४
जारी गर्नेकार्यालय : जि.प्र. का., कास्की
जारी मिति : २०४८/०३/०७

ऋणीको विवरण

२) ऋणी : दर्पणा कुमारी कर्ण
पतिको नामः दिपेन्द्र कुमार कर्ण
ससुराकोनामः गंगा नारायण लाल कर्ण
ठेगानाः भगवतपुर -०६, सप्तरी
हालको ठेगाना : बिराटनगर -१२, मोरङ
नागरिकता नं. :४००६
जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही
कर्जा शिर्षक : लघुउधम वयवसाय कर्जा (आवधिक)
कर्जा लिएको शाखा कार्यालय : विराटनगर, मोरङ

जमानीकर्ताको विवरण

क) नाम : दिपेन्द्र कुमार कर्ण
बाबुको नाम : गंगा नारायण लाल कर्ण
बाजेको नामः रघुनन्दन लाल कर्ण
ठेगाना : लालबन्दी -०३, सर्लाही
हालको ठेगानाः बिराटनगर -१२ ,मोरङ
नागरिकता नं. : १९-०२-७२-०३४६८
जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही
जारी मितिः २०७२/१०/०३

जमानीकर्ताको विवरण

ख) नाम : रिता कुमारी शर्मा यादव
पतिको नामः प्रविन कुमार यादव
ससुराको नामः बिन्देश्वर यादव
ठेगाना : नर्घो वडा नं. ०८, सप्तरी
हालको ठेगानाः विराटनगर म.न.पा वडा नं. ०६,मोरङ
नागरिकता नं. १६१०७४।२४२
धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण
मनिलाल श्रेष्ठको नाति, सन्तमान श्रेष्ठको छोरा, तनहुँ जिल्ला, सावित श्याम्घा न.पा./गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **राम कुमार श्रेष्ठ** (ना.प्र.नं. ४३२७१, जारी मिति २०५७/२/२४, जि.प्र.का. तनहुँ)।
व्यक्तिगत जमानीकर्ताको विवरण
१. सन्तमान श्रेष्ठको नाति, राम कुमार श्रेष्ठको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **विकाश श्रेष्ठ** (ना.प्र.नं. ४३-०१-७५-००७९८, जारी मिति २०७५/०१/२६, जि.प्र.का. तनहुँ)। २. सन्तमान श्रेष्ठको बुहारी, राम कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, सावित श्याम्घा न.पा./गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **मेनुका श्रेष्ठ** (ना.प्र.नं. ४३१००२/११८३८७, जारी मिति २०६६/०५/२४, जि.प्र.का. तनहुँ)।
धितोको विवरण
सन्तमान श्रेष्ठको बुहारी, राम कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, सावित श्याम्घा न.पा./गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने मेनुका श्रेष्ठ (ना.प्र.नं. ४३१००२/११८३८७, जारी मिति २०६६/०५/२४, जि.प्र.का. तनहुँ) को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, कर्लुङ न.पा./गा.वि.स. वडा नं. ६ क स्थित कित्ता नं. २८९२ को क्षेत्रफल ०-९-३-३ (रोपनी) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : डुम्रे, तनहुँ
फोन नं. ०६५-५८०१९७
Website : www.siddharthabank.com

नबिल बैंक लिमिटेड, न्यूरोड शाखा, काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०२/०९)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो भ्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१	**ऋणीको नाम र ठेगानाको विवरण** भुवानी प्रसाद निरौलाकी छोरी, केदार प्रसाद ओझाकी बुहारी, सुरेश ओझाकी श्रीमती, काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, ना.प्र.नं. २७३३८८/०३४/३५/५४४० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं, (जारी मितिः २०४६/०१/२२), भएकी **शान्ति निरौला (ओझा)**।
	व्यक्तिगत जमानतकर्ताको विवरण १. पदम विनोद ओझाको नाती, केदार प्रसाद ओझाको छोरा, काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न ६५८०/५४२३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं, (मितिः वि.सं. २०४५-०२-१०), भएको **सुरेश ओझा**। २. केदार प्रसाद ओझाको नाती, सुरेश ओझाको छोरा, काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न २७१०२२/१११५९५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं, (मितिः वि.सं २०६९-१२-२९), भएको **सुशान्त ओझा**।
२	**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०६/१४ मा दर्ता नं. २३७५५९/७६/०७७ अन्तर्गत दर्ता भएको **लक्ष्मी नारायण मिल तथा कृषि फर्म प्रा.लि.**। ठेगानाः काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. ०६, पासीकोट। **ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण** १. भुवानी प्रसाद निरौलाकी छोरी, केदार प्रसाद ओझाकी बुहारी, सुरेश ओझाकी श्रीमती, काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, ना.प्र.नं. २७३३८८/०३४/३५/५४४० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं, (जारी मितिः २०४६/०१/२२), भएकी **शान्ति निरौला (ओझा)**। २. पदम विनोद ओझाको नाती, केदार प्रसाद ओझाको छोरा, काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न ६५८०/५४२३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं, (मितिः वि.सं. २०४५-०२-१०), भएको **सुरेश ओझा**। ३. धर्मानन्द त्रिपाठीको नाती, खड्क प्रसाद त्रिपाठीको छोरा, काभेपलान्चोक जिल्ला, ठुलो पर्सेल गा.वि.सं. वडा नं. ०६ बस्ने, नागरिकता ना.प्र.न ८७८९३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काभेपलान्चोक, (मितिः वि.सं. २०५६/०९/११), भएको **शकंर प्रसाद त्रिपाठी**। ४. कृष्ण प्रसाद मैनालीको नाती, लक्ष्मी प्रसाद मैनालीको छोरा, काभ्रे जिल्ला, ठुलो चापाखोठी गा.वि.सं. वडा नं. ०३ बस्ने, नागरिकता ना.प्र.न १३७८/११९००१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काभ्रे, (मितिः वि.सं. २०६०/०३/२४), भएको **विष्णु प्रसाद मैनाली**।
	संयुक्त धितोको विवरण काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, **शान्ति निरौला (ओझा)** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाण्डौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.सं. वडा नं. ०४ बस्ने, नक्सा सिट नं ४ मा अवस्थित कि.नं. क्रमश २४०२, २४०० र २३९९ क्षेत्रफल क्रमश ०-३-१-१, ०-०-१-० र ०-३-०-० रोपनी घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सुचना

प्रकाशित मिति : २०८१।०१।०२

यस संस्थाबाट ऋण तथा धन जमानि बसी उपभोग गर्नु भएको ऋण, भाखा भित्र नतिरि वा संस्थाबाट पटक पटक भएको मौखिक एवं लिखित ताकेतालाई बेवास्ता गरि ऋण चुक्ता नगरि बस्नुहुने सम्पुर्ण ऋणी तथा धन जमानिहरु लाई यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । उक्त दिईएको म्याद सम्म संस्थामा आई कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४ को दफा ७९, ८०, ८१ र ८४ (अनुसार खाता रोक्का गर्ने, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी र बिक्रि गर्न नपाउने गरि रोक्का राख्ने), सहकारी विनियमावलि २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, ५९, ६०, ६१ र ६२ अनुसार कानुनि प्रक्रिया अबलम्बन गरि ऋण असुलि प्रक्रियामा जाने व्यहोरा जानकारी गराईन्छ ।

साहस बचत तथा ऋण स

धेरैजसो मन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

विवरण सार्वजनिक गरिदिन उनीहरूले एकैपटक अलग-अलग रूपमा प्रधानमन्त्री कार्यालयमा पत्राचार गरेका थिए।

भ्रष्टाचार निवारण आयोग ऐन, २०५९ को दफा ५० मा 'सार्वजनिक पद धारण गरेको ६० दिनभित्र र त्यसपछि हरेक नयाँ आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेस गर्नुपर्ने' व्यवस्था छ। त्यस्ता व्यक्तिले आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेस गर्नुपर्छ।

यसरी प्राप्त भएको सम्पत्ति विवरण गोप्य राख्ने व्यवस्था भए पनि प्रधानमन्त्री र मन्त्रीहरूका हकमा सार्वजनिक गर्ने अभ्यास चलिआएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ मा पनि यससम्बन्धी व्यवस्था छ।

यसअघि ०७४ को ओली नेतृत्वको सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण सरकार बनेको दुई महिनापछि सार्वजनिक गरिएको थियो। तर, त्यसपछि हेरफेर भएका र थपिएका मन्त्रीको सम्पत्ति विवरण गोप्य राखियो।

स्वास्थ्यमन्त्री प्रदीप यादव र राज्यमन्त्री हसिना खान छुटे

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा केही दिनअघि मात्र नियुक्त भएका स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादव र राज्यमन्त्री हसिना खानबाहेक सबैको सम्पत्ति विवरण अद्यावधिक गरिएको छ। पदमा बहाल भएको ६० दिन पुगिनसकेकाले उनीहरूले विवरण बुझाउने समय बाँकी नै छ।



डोलप्रसाद अर्याल
श्रममन्त्री

काठमाडौंमा नौ आनामा बनेको घर। धादिङको गजुरीमा १२ आना, काठमाडौंको चार ठाउँमा २२ आना ३ पैसा एक दाम, लमजुङमा ११ रोपनी र भक्तपुरमा आठ आना, तीन पैसा तीन दाम जग्गा। १५० तोला सुन, १०० तोला चाँदी र १० तोला हिरा। २ करोड १८ लाख नगद। विभिन्न बैंक र सहकारीमा ६७ लाखबराबरको सेयर। टोयोटा प्राडो कार र टाटा नेक्सन इभी। २ करोड २३ लाख बैंक्वेट, ट्राभल र रेमिटमा लगानी।



सुमना श्रेष्ठ
शिक्षामन्त्री

काभ्रेको रयालेमा संयुक्त नाममा रहेको ८ रोपनी ६ आना जग्गा। ११ तोला सुन, १०० तोला चाँदी, १ सेट हिरा, १ सेट हिराको टप। एक करोड ५२ लाख नगद। पारिश्रमिक र विवाहमा उपहारबापत श्रीमान्को परिवारले दिएको एक लाख ८० हजार अमेरिकी डलर। एउटा गाडी र एउटा स्कुटर। विभिन्न चार कम्पनीमा सेयर।



विराजभक्त श्रेष्ठ
युवा तथा खेलकुदमन्त्री

दुई आना र चार आनामा सगोलमा बनेका दुई घर। जग्गा छैन। १५ तोला सुन, ५० तोला चाँदी। ८३ लाख ७२ हजार ७५४ रुपैयाँ नगद। विभिन्न कम्पनीमा एक करोड नौ लाख ८० हजार मूल्यको सेयर। ५० लाख रुपैयाँ ऋण। दुईवटा गाडी र स्कुटर। तीन लाखका ब्रान्डेड घडी।



नवलकिशोर साह सुडी
वनमन्त्री

आफू र परिवारका सदस्यका नाममा सप्तरीमा नौवटा साना-ठूला घर। आफूसहित परिवारका विभिन्न सदस्यका नाममा १० वटा जग्गा र १५ लाखमा आफैंले खरिद गरेका अरू तीन जग्गा। १५८ तोला सुन, १२२ तोला चाँदी। ४६ लाख नगद। धनुषाको जानकी फनपार्कमा एक करोड ३५ लाखको सेयर। ८० लाख ऋण। एउटा गाडी। एक थान राइफल (१२ बोर)।

अहिले दुई करोड...

पृष्ठ १ बाट क्रमशः

कैद र जरिवाना दुवै हुने कानुनी व्यवस्था छ।

खाग अहिले कसले किन्दै थियो ?

नवलपरासीको कावासोती नगरपालिका- १५ का छविलाल परियार र भैरव थापा घाँसदाउरा गर्न जाँदा ०७२ चैतमा वनमा मरेर सडेको गैंडा देखेपछि खाग झिकेर घर ल्याएका थिए। खाग भेटाउनेमध्येका भैरवको साढे दुई वर्षअघि निधन भइसकेको छ। निकुञ्जका सूचना अधिकारीसमेत रहेका संरक्षण अधिकृत गणेशप्रसाद तिवारीका अनुसार डकर्मी र खेतीपातीको काम गर्दै आएका छविलालले वनबाट ल्याइएको खाग डेढ/दुई वर्षअघि मात्र प्रकाश घिमिरेलाई पाँच हजार रुपैयाँमा बेचेका थिए।

प्रकाश घिमिरे कावासोतीमा होटेल व्यवसायसँगै खेतीपाती, माछा तथा पशुपालन गर्दै आएका छन्। घिमिरेसँग खाग रहेको सूचना सोही ठाउँका चालक पेसासँगै चियापसल चलाउने लेखनाथ सुनारमार्फत क्रान्ति खड्कासम्म पुगेको थियो। यी सबै एउटै ठाउँका हुन्। त्यसपछि क्रान्तिले टिकटकमा पुराना सिक्का र अन्य वस्तुका बारेमा कुरा गरिरहने बुलिङटारका खिमबहादुर बरालसँग खागका विषयमा कुरा गरे। बरालले बिक्रीका लागि ग्राहक खोजे, बभाडका प्रकाशराज जोशी।

जोशी काठमाडौंमा बसेर जडीबुटी बिक्री गर्थे। उनी खाग किन्न भन्दै चितवन आए। क्रान्तिले रातो रंगको प्लास्टिकको झोलामा गैंडाको खाग बोकेका थिए। बरन्डाभार क्षेत्रनजिकै भरतपुर महानगर- ६ को खुला ठाउँमा साढे दुई करोडमा किनबेचका लागि मोलमोलाई गर्दै गर्दा उनीहरूलाई अनुसन्धानमा खटिएको टोलीले समातेको हो।

कान्तिपुरका...

पृष्ठ १ बाट क्रमशः

दुईवटा नागरिकता लिएको उल्लेख छ। घटना नागरिकता ऐन, २०६३ विरुद्ध रहेको दाबी जाहेरीमा गरिएको छ।

काग्रेस सभापति शेरबहादुर देउवासहितका नेताहरूले सिरोहियालाई प्रतिशोधपूर्ण ढंगले पक्राउ गरेको बताएका छन्। 'कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रतिशोधपूर्ण ढंगबाट पक्राउ गरिनु सरकारको अलोकतान्त्रिक कदम हो। मिडियालाई तर्साउने उद्देश्यसहितको गठबन्धन सरकारको यो निर्णय खेदजनक छ,' देउवाले सामाजिक सञ्जालमा लेखेका छन्।

वेल घेराउ...

पृष्ठ १ बाट क्रमशः

तथा कार्यक्रममा छलफल गर्ने सम्भावित कार्यसूचीमा राखिएको थियो। तर, संसदीय छानबिन समिति गठनको विषयले बजेट अधिवेशनको प्रारम्भदेखि नै सदनमा विपक्षी दलहरूको अवरोध हुँदा अब एक दिन मात्रै छलफल हुनेछ। ११ जेठमा नै प्रधानमन्त्री प्रचण्डले जवाफ दिएर दुवै सदनबाट पारित गर्ने सरकारको तयारी छ।

संसदीय समितिको कार्यादेशमा सहमति नजुट्दा काग्रेसले निरन्तर सदन अवरोध गरिरहेको छ। दुवै पक्ष आ-आफ्नै अडानमा हुँदा मार्सल प्रयोग गरेर सरकारले सदन चलाएको छ। विपक्षीलाई वेलमा घेरेर सोमबार विश्वासको मत लिएका प्रधानमन्त्री प्रचण्डले मंगलबार अवरोधकै बीच दुवै सदनमा नीति तथा कार्यक्रम टेबुल गरेका छन्।

११ जेठमा नीति तथा कार्यक्रम पारित गर्ने र त्यसपछि १५ जेठमा दुवै सभाको संयुक्त बैठकमा बजेट प्रस्तुत गर्ने सरकारको तयारी छ। '११ गते नीति तथा कार्यक्रम पारित हुन्छ,' एक मन्त्रीले भने, 'बजेटमा दुइटै विकल्प खुला छ। त्यतिखेरसम्म सहमति बन्ला भन्ने अपेक्षा हो। भएन भने एउटा अवरोधकै स्थितिमा प्रस्तुत हुन्छ। त्यो परिस्थिति रहेन भने अधिवेशन अन्त्य गरेर अध्यादेशको विकल्पमा पनि जान सकिन्छ।'

सभामुख घिमिरे र राष्ट्रिय सभा अध्यक्ष दाहालले विपक्षीलाई वेलमा मर्यादापालकले घेरेर सभालाई सरकारी कार्यसूचीमा प्रवेश गराएका छन्। दुवै सभाले राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबाट आएको पत्र प्रस्तुत गरेका छन्। नीति तथा कार्यक्रम प्रस्तुतसहित दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरेकोमा राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद प्रस्ताव पारित गरेको छ। पौडेलले १ जेठमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। विपक्षीको अवरोधले धन्यवाद प्रस्ताव पारित हुन सकेको थिएन।

साथै, अधिवेशनको प्रारम्भमै पेस हुनुपर्ने लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पनि मंगलबार अवरोधका बीच दुवै सभामा उद्योगमन्त्री दामोदर भण्डारीले पेस गरे। साथै, प्रतिनिधिसभामा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले १८ माघमा दर्ता भएको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिए।

प्रतिनिधिसभामा सुरुमा काग्रेस सहमहामन्त्री बद्री पाण्डेले गृहमन्त्रीले आफ्नो पार्टीको उपसभापति र महामन्त्रीमाथि गम्भीर आरोप लगाएको भन्दै छानबिन गरेर पुष्टि गर्न माग गरेका थिए। 'के कस्तो खालको टिओर बनाउनुपर्ने हो बनाउनुहोस्। हाम्रो उपसभापति र महामन्त्रीको नाम किटेरै टिओरमा लेख्नुपर्ने हो कि, व्यक्तिको लेख्नुपर्ने हो कि, नेपाली काग्रेस पार्टीको लेख्नुपर्ने हो लेख्नुस्। छानबिनको समय पनि तोक्नुहोस्,' उनले चुनौती दिए, 'हाम्रो उपसभापति र महामन्त्री दोषी हुनुभयो भने उपसभापति र महामन्त्री त के काग्रेसका को कोलाई कारबाही गर्नुपर्छ गर्नुहोस्।'

पाण्डेले गृहमन्त्रीले लगाएका आरोपको छानबिन गर्न वा नभए सदनको रेकर्डबाट हटाउन सभामुखसँग माग गरेका थिए।

संसदीय समितिको कार्यादेशमा मध्यमार्गी प्रस्ताव खोजिँदै

सहकारीको रकम हिनामिनाको विषयमा छानबिन गर्न गठन गर्ने भनिएको संसदीय छानबिन समितिको कार्यविधिमा मध्यमार्गी प्रस्तावमा समझदारी जुटाउने प्रयास थालिएको छ। छानबिन समितिको कार्यविधि बनाउन गठित कानुनमन्त्री नेतृत्वको कार्यदलको मंगलबार बैठकमा मध्यमार्गी प्रस्तावमा सहमति खोज्ने गरी छलफल भएको छ।

बुधबारभित्र सत्तापक्षले प्रस्ताव ल्याउने र त्यसैको सेरोफेरोमा छलफल केन्द्रित गरेर समझदारीमा पुग्ने गरी बैठक टुंगिएको छ। मंगलबार बिहान कानुन मन्त्रालयमा बसेको बैठक विनानिष्कर्ष टुंगिएपछि साँझ संसद् बैठकपछि पुनः छलफल गर्ने समझदारीसहित कार्यदल सदस्य उठेका थिए। तर, मध्यमार्गी प्रस्तावका लागि गृहकार्य नपुगेको भन्दै पुनः बुधबार बैठक बस्ने उनीहरूले समझदारी गरेका छन्।

दुवै पक्षले यसअघिकै अडान दोहोऱ्याएपछि सत्तापक्षले नै मध्यमार्गी विकल्पका प्रस्ताव ल्याएपछि छलफल गर्न सकिने काग्रेस नेताले बताएका थिए। 'काग्रेसको मागअनुसार सत्तापक्षले मध्यविन्दुको प्रस्ताव ल्याउने र अर्को बैठकमा त्यसमाथि छलफल केन्द्रित गर्ने कुरा भएको छ,' काग्रेस सहमहामन्त्री जीवन परियारले भने।

५ जेठमै सहकारीको रकम अपचलनबारे समिति बनाउने र काग्रेसले संसद् खोल्ने समझदारी भए पनि कार्यविधिमा सहमति नहुँदा संसद् अवरोध कायमै छ।

काग्रेसतर्फका कार्यदल सदस्य रमेश लेखक र जीवन परियार दुवैले सहकारी ठगी प्रकरणमा गृहमन्त्री रवि लामिछानेको नाम नै किटान गरेर छानबिन समिति बनाउनुपर्ने पुरानै अडान दोहोऱ्याएका छन्। नाम नराखीकन जुन वाक्य र शब्द राख्दा सहकारीको समग्र अनुसन्धान हुन सक्छ, त्यसकै लागि प्रयास गरिने उनले बताए।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले विकल्पमाथि छलफल भए पनि सहमति भइनसकेको, तर छलफल सकारात्मक दिशातिरै अघि बढेको बताए। 'हामी ठ्याक्कै निष्कर्षमा पुगिसकेका त छैनौं, विभिन्न कोणमाथि नै केन्द्रित भएर छलफल गरिरहेका छौं,' उनले सञ्चारकर्मीहरूसँग भने, 'सहमतिका साथ नै कार्यादेश निर्माण गरौं भन्ने सहमति भएको छ, अर्को बैठकमा टुंगोमा पुग्ने गरी छलफल हुनेछ।'

रास्वपाका सांसद शिशिर खनालले सहमतिका साथ कार्यादेश टुंग्याउने दिशामा छलफल अघि बढिरहेको बताए। 'छलफल सौहार्दपूर्ण वातावरणमा भइरहेको छ, हामी सहमतिबाटै टुंग्याउने दिशामा छौं,' उनले भने, 'हाम्रो कारणले कार्यादेश रोकिँदैन, तर आरोपका आधारमै छानबिन समिति बन्दा भविष्यमा गलत नजिर नबनोस् भन्ने मात्र हाम्रो कुरा हो।'

काग्रेस सहमहामन्त्री परियारले सहकारीको रकम अनियमिततामा उपप्रधान तथा गृहमन्त्रीको संलग्नताकै विषय पुन उठाएको बताए। यद्यपि, सहमतिबाटै अघि बढ्ने कुरामा छलफल भएको उनले बताए।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले मध्यमार्गी प्रस्तावबारे सत्तापक्षभित्र एकपटक आन्तरिक सल्लाह गरेर बुधबार मस्यौदामाथि पुनः छलफल चल्ने बताए।

'नयाँ प्रगति भएको छैन, तर दुवै पक्ष (सत्तापक्ष-प्रतिपक्ष)बीच मिलनविन्दु खोजौं भन्ने समझदारी भएको छ,' बर्तौलाले नयाँ पत्रिकासँग भने, 'त्यसका लागि हामीले केही सल्लाह गरेका छौं, बुधबार हेर्रौं के हुन्छ।'

विकल पौडेल...

पृष्ठ १ बाट क्रमशः

असुल हुने फैसला गरेको छ।

त्यस्तै, नवीनकुमार पोखरेलले गुणस्तरहीन ट्रान्सफर्मरलाई सम्झौतामा उल्लेख भएअनुसार नै रहेको भनी गलत विवरणसहितको प्रतिवेदन दिएका थिए। साथै, जुन देशबाट ल्याउनुपर्ने हो त्यहाँबाट नल्याएको सामानलाई पनि स्पेसिफिकेसनबमोजिमको रहेको भनी प्रतिवेदन दिएका थिए।

उनी तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट केन्द्रमा प्रतिनिधिका रूपमा सिडिई (मेकानिकल) पदमा रहेका थिए। सम्झौताबमोजिम जडित यन्त्रको मर्मत कार्य नै नगरिएको अवस्थामा उनले भए-गरेको भनी झुटा बिल चेक जारी गरी भुक्तानीका लागि पेस गरेका थिए। उनलाई विशेषले ६ महिना कैद सजाय सुनाएको छ। साथै, पाँच करोड ८४ लाख रुपैयाँ जरिवाना र बिगोबराबर रकम असुलउपर हुने फैसलामा उल्लेख छ।

इन्जिनियरिङ मार्केटिङ कन्सर्न प्रालिका प्रबन्ध निर्देशक रोहितमान प्रधान पनि दोषी ठहर भएका छन्। उनले सम्झौताविपरीत कम गुणस्तरको सामग्री र तोकिएको भन्दा फरक मुलुकबाट सामान उपलब्ध गराएका थिए। साथै, मर्मत गर्दै नगरी गरेको भनी चेक भुक्तानी लिएको भेटिएपछि विशेषले सजाय सुनाएको हो। उनलाई पाँच करोड ८४ लाख रुपैयाँ जरिवाना र सोही रकमबराबर असुलउपर हुने फैसला भएको छ।

विशेषले मेपटेक बिल्डिङ सर्भिसेज प्रालिका निर्देशक भुवन महर्जनलाई पनि दोषी ठहर गर्दै सजाय सुनाएको छ। परामर्शदाताका रूपमा रहेका उनले गुणस्तरहीन ट्रान्सफर्मर चेकजाँच गरी सम्झौता र स्पेसिफिकेसनअनुसार नै नभएको सामानलाई पनि सम्झौताअनुसारकै रहेको भनी प्रतिवेदन दिएका थिए। उनलाई विशेषले पाँच करोड ७९ लाख रुपैयाँ जरिवाना र सो रकम असुलउपर हुने फैसला गरेको छ।

त्यस्तै, मुद्दाका प्रतिवादीहरू रमेशप्रसाद पोखरेल, मनिकमान महर्जन, शिरीष उपाध्याय, रामबहादुर बुढा र मित्रलाल गुरौंले सफाइ पाएका छन्। पोखरेल केन्द्रमा प्रतिनिधिका रूपमा थिए भने महर्जन शाखा अधिकृत थिए। उपाध्याय पनि शाखा अधिकृत हुन्। बुढा लेखा अधिकृतबाट सेवानिवृत्त भइसकेका हुन् भने गुरौं परामर्शदाता कम्पनीको प्रबन्ध निर्देशक थिए।

IST College
ईन्टरनेशनल स्कूल अफ टुरिजम एण्ड होटल मेनेजमेन्ट
ज्ञानेश्वर, काठमाडौं
३५ दिने सूचना
यस कलेजबाट साल्जवर्ग यूनिर्भसिटी अफ एप्लाइड साइन्सेस अष्ट्रियाको सम्बन्धन र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्विकृतीमा संचालन भै रहेका स्नातक तहका कार्यक्रम FHS Dipolma in Hotel / Tourism Management नामक शैक्षिक कार्यक्रम उपाधिमा शैक्षिक विज्ञता थप गरि FHS Diploma as Academic Expert in Hotel / Tourism Management हुने गरि साल्जवर्ग यूनिर्भसिटी अफ एप्लाइड साइन्सेसबाट लेखि आएको हुनाले कसैको दावि विरोध छ भने ३५ दिन भित्रमा सम्बन्धित मन्त्रालयमा निवेदन दिनुहुन यो सूचना जारि गरिएको छ।

धितोमा रहेको चल/अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८१/०२/०९ गते

यस माछापुच्छे बैंक लि. सतुङल शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०९/१८ गतेको राजधानी राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
बल बहादुर ध्यावा तामाङ ना.प्र.नं. १०७३३१, जि.प्र.का. ललितपुर, जारी मिति : २०५७/०४/०९ पत्नि : कान्छी ध्यावा तामाङ, बाबु : सुर्य बहादुर ध्यावा तामाङ ठेगाना : ललितपुर जिल्ला, भारदेउ वडा नं. १, हाल : ललितपुर जिल्ला, ठैव वडा नं. १४	
व्यक्तिगत जमानतकर्ता	
१. बल बहादुर ध्यावा तामाङ ना.प्र.नं. १०७३३१, जि.प्र.का. ललितपुर जारी मिति : २०५७/०४/०९ पत्नि : कान्छी ध्यावा तामाङ बाबु : सुर्य बहादुर ध्यावा तामाङ ठेगाना : ललितपुर जिल्ला, भारदेउ वडा नं. १ हाल : ललितपुर जिल्ला, ठैव वडा नं. १४	२. कान्छी ध्यावा तामाङ ना.प्र.नं. २८-०१-०६८-०११९२, जि.प्र.का. ललितपुर जारी मिति : २०६८/०१/२७ बाबु : फेबेन तामाङ पति : बल बहादुर ध्यावा तामाङ, ससुरा : सुर्य बहादुर ध्यावा तामाङ ठेगाना : ललितपुर जिल्ला, कोन्ज्योसोम वडा नं. ५ हाल : ललितपुर जिल्ला, ठैव वडा नं. १४
धितोमा रहेको सम्पतिको विवरण	
सुर्य बहादुर ध्यावा तामाङको बुहारी, बल बहादुर ध्यावा तामाङको पत्नि, ललितपुर जिल्ला, कोन्ज्योसोम गा.वि.स/न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ठैव वडा नं. १४ बस्ने कान्छी ध्यावा तामाडको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम भएको ललितपुर जिल्ला, ठैव न.पा./उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. १००७ को क्षेत्रफल ०-१३-३-० (रो.आ.पै.दा.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।	

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउंसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको बिवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साबिकमा बैंकबाट भएको मूल्याङ्न भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८१/०२/२९ मंगलबार कार्यालय समय सम्म केन्द्रीय कार्यालय, लाजिम्पाट	२०८१/०२/३० बुधबार दिनको ३:३० बजे केन्द्रीय कार्यालय, लाजिम्पाट

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सतुङल

भावपूर्ण श्रद्धाञ्जली



जन्म : २०२१/०२/०१
स्वर्गारोहण : २०८१/०१/३०

स्व. प्रदिता राजकर्णिकार

नेपाल विज्ञापन संघ (आन)का पूर्व अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व वरिष्ठ उपाध्यक्ष, एभिन्यूज टेलिभिजनका अध्यक्ष, मिडिया एलायन्स नेपालका अध्यक्ष श्री भाष्कर राज राजकर्णिकारज्यूकी धर्मपत्नी तथा एभिन्यूज टेलिभिजनका प्रवन्ध निर्देशक श्री समृद्धि राजकर्णिकारकी ममतामयी माता प्रदिता राजकर्णिकारको ६० वर्षको उमेरमा २०८१ बैशाख ३० गते आइतवारका दिन बिहान स्वर्गारोहण भएको हुदाँ यस दुखद घडीमा स्वर्गिय आत्माको चिरशान्तीको लागि भगवानसंग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनहरुप्रती भावपूर्ण समवेदना प्रकट गर्दछौं।

सुदिप थापा, अध्यक्ष तथा
नेपाल विज्ञापन संघ (आन) परिवार

Advertising Association of Nepal

बुधबार ९ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नवौँ संस्करणको टी–२० विश्वकपमा डेब्यु गर्दै तीन राष्ट्र



कुन संस्करणमा कुन राष्ट्रले गरे डेब्यु ?

- २००७ : अस्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, भारत, केन्या, न्युजिल्यान्ड, पाकिस्तान, स्कटल्यान्ड, श्रीलंका, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, जिम्बावे
- २००९ : आयरल्यान्ड, नेदरल्यान्ड
- २०१० : अफगानिस्तान
- २०१४ : नेपाल, हङकङ, युएई
- २०१६ : ओमान
- २०२१ : नामिबिया, पपुवा न्युगिनी
- २०२४ : क्यानडा, युगान्डा, अमेरिका

एजेन्सी

अमेरिका र वेस्ट इन्डिजले जुन-जुलाईमा आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छन् । अर्को महिनादेखि सुरु हुने नवौँ संस्करणको विश्वकपमा पहिलोपटक सर्वाधिक २० राष्ट्रले भाग लिँदै छन् । सन् २०१४ देखि २०२२ सम्मको संस्करणमा १६ टोलीबीच प्रतिस्पर्धा भएको थियो । आइसिसीले विश्वकपमा एसोसिएट राष्ट्रलाई एक्सपोजर प्रदान गर्न यसपटक सहभागी संख्या २० पुऱ्याएको हो ।

आइसिसीले विश्वकपमा चार संख्या बढाउँदा तीन नयाँ राष्ट्रले डेब्यु गर्ने अवसर पाएका छन् । आयोजक राष्ट्रका रूपमा अमेरिका यसअघि नै छनोट भइसकेको थियो । सन् २०११ को एकदिवसीय विश्वकप खेलेको क्यानडा पहिलोपटक छिमेकी राष्ट्रहरूले आयोजना गर्ने विश्वकपमा खेल्दै छ । दक्षिण अफ्रिकी राष्ट्र युगान्डा पनि यो पाली छनोट भयो । टी-२० विश्वकपमा दुईपटक मात्र कुनै पनि नयाँ राष्ट्र छनोट भएनन् । सन् २०१२ र २०२२ को संस्करणमा टेस्ट मान्यताप्राप्त बाहेक अन्य राष्ट्रले डेब्युका रूपमा प्रतिस्पर्धा गर्न सकेनन् ।

छनोट प्रतियोगितामा सहभागी राष्ट्रले अन्तिम स्थान बनाउन सकेनन् । सन् २००७ देखि २०२४ सम्मको विश्वकपमा अहिलेसम्म २४ राष्ट्रले स्थान सुरक्षित गरेका छन् । पहिलो संस्करणमा आइसिसीको पूर्णकालीन सदस्य अस्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, न्युजिल्यान्ड, पाकिस्तान, श्रीलंका, जिम्बावे, दक्षिण अफ्रिका र वेस्ट इन्डिजले सीधै स्थान बनाएका थिए । छनोट चरण पारी गरी केन्या र स्कटल्यान्डले विश्वकप खेलेका थिए ।

सन् २००९ मा युरोपियन राष्ट्र मात्र विश्वकपमा छनोट भए । आयरल्यान्ड र नेदरल्यान्ड्सले विश्वकप छनोट पार गरेका थिए । सन् २०१० को संस्करणमा अफगानिस्तानले डेब्यु गरेको थियो । सन् २०१४ मा तीन राष्ट्र छनोट भए । यसमा एसिया राष्ट्रहरू हङकङ, युएई र नेपालले पहिलोपटक विश्वकप खेलेका थिए । नेपालले आफ्नो पहिलो अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा डेब्यु विश्वकपमै गरेको थियो ।

बंगलादेशमा भएको विश्वकपमा नेपालले हङकङ र अफगानिस्तानलाई हराएको थियो । सन् २०१६ मा ओमान मात्र डेब्यु राष्ट्र बनेको थियो । सन् २०२१ मा नामिबिया र पपुवा न्युगिनीले डेब्यु गरेका थिए ।



क्यानडा : नेपालका पूर्वमुख्य प्रशिक्षक पबुदु दासानायेकेको प्रशिक्षणमा रहेको क्यानडाले एकदिवसीय मान्यताप्राप्त गरेको नौ वर्ष पछि टी-२० विश्वकपमा स्थान बनाएको हो । सन् २०२३ को सेप्टेम्बरमा भएको छनोट खेलमा शीर्ष स्थानमा रहँदै क्यानडाले विश्वकपको टिकट पक्का गऱ्यो । छनोटमा क्यानडाले पाँचमध्ये तीत खेलमा जित निकाल्यो । सन् २०२२ मा पुवुदु मुख्य प्रशिक्षक बनेका थिए । उनले साद विन जाफरलाई कप्तानी जिम्मेवारी दिएपछि क्यानडाले अन्तर्राष्ट्रिय क्रिकेट उत्कृष्ट नतिजा निकालेको हो । सन् २०११ को विश्वकपमा पुवुदुकै प्रशिक्षण तथा कप्तानीमा क्यानडाले एकदिवसीय विश्वकपमा डेब्यु जनाएको थियो । आइसिसीको टी- २० वरीयतामा क्यानडा २३औँ स्थानमा छ ।



युगान्डा : गत वर्ष अफ्रिकी छनोट प्रतियोगितामा युगान्डाले सनसनी नतिजा निकाल्यो । छनोट प्रतियोगितामा युगान्डाले आइसिसीको पूर्णकालीन सदस्य जिम्बावेलाई हराउँदै पहिलोपटक टी-२० विश्वकपको स्थान सुरक्षित गऱ्यो । महत्त्वपूर्ण खेलमा युगान्डाले जिम्बावेलाई पाँच विकेटले हराएको थियो । यस खेलमा जिम्बावे विजयी हुँदा युगान्डाको विश्वकप खेल्ने सपना तुहिन्थ्यो । जिम्बावेले २० ओभरमा सात विकेट गुमाएर एक सय ३६ रन जोडेको थियो । युगान्डाले १९.१ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ३८ रन बनायो । अफ्रिकी छनोटमा नामिबिया शीर्ष र युगान्डा दोस्रो स्थानमा रहँदै विश्वकप स्थान पक्का गरेका हुन् । युगान्डाले ६ मध्ये पाँच खेलमा जित निकाली १० अंक बनायो । नामिबियाले ६ खेलमै शतप्रतिसत जित निकालेको थियो । जिम्बावे छनोट खेलमा तेस्रो भयो । सन् १९९८ मा युगान्डा आइसिसीको एसोसिएट सदस्य बनेको थियो । युगान्डा टी-२० वरीयताको २२औँ स्थानमा छ ।



अमेरिका : आयोजक राष्ट्रको रूपमा अमेरिकाले छनोट खेल नै खेल्नु परेन् । आइसिसीको टी-२० वरीयतामा अमेरिका १९औँ स्थानमा छ । यसपटक डेब्यू गर्ने राष्ट्रमा अमेरिकाको वरीयता माथि रहेको छ । यस सिजनमा अमेरिकाले केवल ११ अन्तर्राष्ट्रिय टी-२० खेलमा सहभागिता जनाएको छ । सन् १९६५ मा अमेरिकाले आइसिसीको एसोसिएट सदस्यता प्राप्त गरेको थियो । तर, अमेरिकाले आफ्नो पहिलो अन्तर्राष्ट्रिय टी-२० खेल सन् २०१९ मा युएईविरुद्ध खेल्यो । अमेरिकाले अहिलेसम्म १४ टी-२० अन्तर्राष्ट्रिय खेलमा १४ जित र नौ हारको सामना गरेको छ ।

क्यानले सन्दीपको भिसा प्रक्रिया बढायो



काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीप लामिछानेलाई टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन भिसा प्रक्रिया अगाडि बढाएको छ । यसअघि क्यानले टी-२० विश्वकपका लागि रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय टोली अमेरिका पठाइसकेको छ । त्यतिबेला सन्दीपको मुद्दा अदालतमा विचाराधीन भएकाले टोलीमा समेटिएका थिएनन् । बलात्कार मुद्दामा उच्च अदालत पाटनबाट सफाइ पाएसँगै सन्दीपको विश्वकप खेल्ने बाटो खुलेको हो । क्यानका सचिव पारस खड्काले सन्दीपको अमेरिका जाने भिसाको प्रक्रिया अगाडि बढाएको र आईसिसीसँग समेत पहल भइरहेको जनाए ।

बक्सिङका तीन खेलाडीले ओलम्पिक छनोट खेल्ने

नयाँ पत्रिका



नेपाली बक्सिङ खेलाडीले पेरिस ओलम्पिक खेलकुद प्रतियोगितामा छनोट हुन छनोट प्रतियोगितामा भाग लिने भएका छन् । नेपाली बक्सिङ टोलीले थाइल्यान्डमा २४ मेदेखि ३ जुनसम्म आयोजना हुने दोस्रो ओलम्पिक छनोट प्रतियोगितामा भाग लिनेछन् । तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली बुधबार थाइल्यान्डको बैंकक प्रस्थान गर्नेछ ।

दुई पुरुष र एक महिला खेलाडीले छनोट प्रतियोगितामा नेपालको चुनौती प्रस्तुत गर्नेछन् । पुरुष ५१ केजीमा चन्द्रबहादुर थापा र ६३.५ केजीमा प्रकाश इजम लिम्बूले प्रतिस्पर्धा गर्नेछन् । महिला ५४ केजीमा अञ्जनी तेलीले खेल्नेछिन् । प्रशिक्षकमा प्रकाश थापामगर छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले मंगलबार बिदाइ गरेका छन् ।

राखेपका सदस्यसचिव घिसिङले छनोट प्रतियोगितामा उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न बताए । 'छनोट हुने राम्रो अवसर हो । उच्च मनोबलका साथ प्रदर्शन गर्नुहोला,' घिसिङले भने, । यसअघि पेरिस ओलम्पिकमा ब्याडमिन्टनका प्रिन्स दाहाल, म्याराथनमा सन्तोषी श्रेष्ठ युनिभर्सियालिटी कोटामा छनोट भएका थिए ।

टेबलटेनिसका स्यान्टु श्रेष्ठले गत साता काठमाडौंमै आयोजना भएको दक्षिण एसियाली छनोटमा शीर्ष स्थानमा रहँदै ओलम्पिकमा स्थान सुरक्षित गरेका थिए । छनोट प्रतियोगिताबाट ओलम्पिकमा स्थान पक्का गर्ने श्रेष्ठ तेस्रा नेपाली खेलाडी हुन् । उनीभन्दा अगाडि तेक्वान्दोका संगीना वैद्य र दीपक विष्ट छनोट चरण पार गरी ओलम्पिक खेलेका थिए । 'तेक्वान्दोकी पलेशा गोवर्धन र टेबलटेनिसका श्यान्टु छनोट भएर नेपाली खेलकुदमा सकारात्मक सन्देश प्रवाह भएको छ,' घिसिङले भने ।

कोलकाता फाइनलमा

एजेन्सी

कोलकता नाइट राइडर्सले मंगलबार सनराइजर्स हैदराबादमाथि ८ विकेटको सानदार जित निकाली १७औँ इन्डियन प्रिमियर लिग (आइपिएल)को फाइनल स्थान पक्का गरेको छ । अहमेवाद रंगशालामा भएको पहिलो क्वालिफायरमा कोलकाताले ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरेको थियो । पहिलो ब्याटिङ गरेको हैदराबाद १९.३ ओभरमा एक सय ५९ रनको मध्यम योगफलमा समेटियो । प्रत्युत्तरमा कोलकाताले १३.४ ओभरमा २ विकेटको क्षतिमा १६४ रन बनाउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । पहिलो क्वालिफायरमा पराजित हैदराबादसमक्ष फाइनल पुग्ने अवसर छ । राजस्थान रोयल्स र रोयल च्यालेन्जर्स बेंग्लोरबीचको विजेताविरुद्ध हैदराबादले प्रतिस्पर्धा गर्नेछ । यस खेलको विजेताले कोलकाताविरुद्ध उपाधिका लागि खेल्नेछ ।

चौथोपटक आइपिएलको फाइनल खेल्ने क्रममा कोलकाताका लागि कप्तान श्रेयश ऐयर र वि ऐयरले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए । दुवैले तेस्रो विकेटका लागि ४४ बलमा ९७ रनको साझेदारी गरेका थिए । श्रेयशले २४ बलमा चार छक्का र पाँच चौका प्रहार गर्दै सर्वाधिक ५८ रन बनाए । वैकश्वरले २८ बलमा पाँच चौका र चार छक्का प्रहार गरी ५१ रनको नटआउट योगदान दिए ।

हैदराबादको कमजोर ब्याटिङ

पहिलो प्ले अफमा हैदराबादको कमजोर ब्याटिङ प्रदर्शन रह्यो । लिग चरणमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेको हैदराबादले कोलकाताविरुद्ध फाइनल प्रवेश खेलमा आशाविपरीत ओपनिङ र मध्यक्रम ब्याटिङ गरेको थियो । मिचेल स्टार्कले पहिलो स्पेलमै घातक बलिङ गरेपछि अंक तालिकाको दोस्रो स्थानमा रही प्ले अफ खेलेको हैदराबादले दोस्रो बलमै विकेट गुमायो । मिचेलले ओपनर तथा उत्कृष्ट फर्ममा रहेका ट्रेभिज हेडलाई शून्य रनमा बोल्ड गरे । १.३ ओभरमा अर्का ओपनर अभिषेक शर्मा तीन रनमा क्याच आउट भए । स्टार्कले तीन विकेट लिँदा हैदराबाद ४.६ ओभरमा ३९-४ को दयनीय अवस्थामा रह्यो । नितिष कुमार रेड्डी र सहवाज अहमेद शून्यमा पेभेलियन फर्के ।



राहुल त्रिपाठी र हेनरिक क्लासेनले पाँचौँ विकेटका लागि ६२ रनको साझेदारी गर्दै हैदराबादलाई १०१-५ को स्थितिमा राखे । हेनरिकले २१ बलमा एक छक्का र तीन चौका प्रहार गरी ३२ रन बनाए । राहुल इनिङ्सको १३.२ ओभरमा आउट भए । रुसेलबाट रन आउट हुनुअघि उनले ३५ बलमा सात चौका र एक छक्का प्रहार गरी सर्वाधिक ५५ रन बनाए । कप्तान प्याट कुमिन्सले २४ बलमा ३० रन बनाउन समान दुई चौका र छक्का प्रहार गरे ।

खेल संक्षेप

विन्ध्यवासिनीको जित

कास्की/ विन्ध्यवासिनी र बाराहीले यू-१९ वाइवाई कप कास्की जिल्ला पुरुष क्रिकेट छनोट प्रतियोगितामा जित निकालेका छन् । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा मंगलबार भएको उद्घाटन खेलमा विन्ध्यवासिनीले भद्रकालीलाई नौ विकेटले हरायो । दोस्रो खेलमा बाराहीले अकलामाथि सात विकेटको जित निकाल्यो ।

न्युटन बास्केटबल शनिबारदेखि

काठमाडौं/ न्युटन हाई स्कुलको आयोजनामा प्रथम न्युटन एसइई कप श्री बाई श्री बास्केटबल प्रतियोगिता शनिबारदेखि हुने भएको छ । ०८० सालमा एसइई दिएका विद्यार्थीका ४८ टोलीको सहभागिता रहने न्युटनका प्रिन्सिपल रामबहादुर केसीले बताए । पुरुषमा ३२ तथा महिलामा १६ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्नेछन् ।

वाइआरसिसीलाई उपाधि

विराटनगर/ तेस्रो मिल्स कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि विराटनगरको वाइआरसिसी क्रिकेट क्लबले जितेको छ । प्रतियोगिताको मंगलबार भएको फाइनलमा वाइआरसिसीले विराटनगरको होराइजन क्रिकेट क्बललाई दुई सय रनको फराकिलो अन्तरले हराउँदै उपाधि हात पारेको हो । विशाल लक्ष्य पछ्याएको होराइजनले ७.१ ओभरमा सबै विकेट गुमाई ४६ रन मात्रै बनाए । वाइआरसिसीका हेमन्त धामीले ३.१ ओभरमा १६ रन खर्चेर ७ विकेट लिए ।

छैटौँपटक युरो खेल्दै रोनाल्डो

एजेन्सी

क्रिस्टियानो रोनाल्डोले कीर्तिमानी रूपमा छैटौँपटक युरो २०२४ खेल्दै छन् । अर्को महिना जर्मनीमा हुने युरो २०२४ फुटबल प्रतियोगिताका लागि मंगलबार पोर्चुगलले रोनाल्डोको कप्तानीमा टोली घोषणा गरेको हो । सन् २००४ मा उनले युरोकपमा डेब्यु गरेका थिए । लगातार ६ पटक युरोपियन च्याम्पियनसिप खेल्ने उनी पोर्चुगलका एक्ला खेलाडी हुन् ।



डेब्यु युरोकपमा उनी उपविजेता बन्दा पोर्चुगल ग्रिसँग फाइनलमा पराजित भएको थियो । साउदी अरेबिया प्रो लिगमा आबद्ध रोनाल्डोको यो समग्रमा ११ प्रमुख अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता हो । ३९ वर्षीय रोनाल्डोको नाममा दुईवटा विश्व कीर्तिमान रहेको छ । उनी राष्ट्रिय टोलीबाट धेरै खेल्नेसँगै सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्तासमेत हुन् । उनले अहिलेसम्म एक सय २८ अन्तर्राष्ट्रिय गोल गरेका छन् । प्रशिक्षक रोबर्टो मार्टिनेजले २६ जना खेलाडी घोषणा गर्दा सात स्ट्राइकर समावेश गरेका छन् ।

करिअरको उत्तरार्द्ध समय बिताइरहेका रोनाल्डोलाई फिटनेसका कारण समावेश गरेको प्रशिक्षक मार्टिनेजले बताए । 'फिनिसिङमा अनुभवी खेलाडी आवश्यक पर्छ, जुन क्षमता रोनाल्डोसँग छ,' मार्टिनेजको भनाइ छ । पाँचपटकको बालोन डी अर विजेता रोनाल्डोको कप्तानीमै पोर्चुगलले सन् २०१६ को युरोकप जितेको थियो । उनले अन्तर्राष्ट्रिय फुटबलमा प्राप्त सफलता नै युरोकप हो । सन् २०१८-१९ को सिजनमा पोर्चुगल नेसल्स कपको उपविजेता बनेको थियो ।

सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल
खजुरा-७, बाँके

बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/०२/०९

यस अस्पतालबाट मिति २०८०/१२/२५ गतेको राष्ट्रिय दैनिक तथा इजिपी पोर्टलमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशय सूचना प्रकाशित गरिएको छ ।

तपसिल

ठेक्का नं.	कामको नाम	बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट बाहेक)
SKPCH/GOODS/04/080/81	Supply, Delivery, Installation & Commissioning of Digital X-Ray Machine 650mA or more(Turn-Key Project) with Complete DR System	General Medical Suppliers Pvt. LTd	१,११,४८,६००/-

Doramba Shailung Rural Municipality
Office of the Municipal Executive
Tokarpur, Ramechhap
Bagmati Province

Invitation for Bids

First date of publication: 9th Baisakh,2081 (22 May, 2024)

The Doramba Shailung Rural Municipality, Tokarpur Ramechhap invites electronic bids from eligible bidders as below.For Further Information visit PPMO's website **www.bolpatra.gov.np/egp** or visit **www.dorambamun.gov.np.** The Summary of Contract is tabulated below.

S. N	Contract No.	Description of Work	Minimum Bid Security Amount NRS	Bid Document Fee(Non refundable) NRS	Bid validity/ Bid security validity Period	Estimated cost (exclusive VAT) NRS	Last Date Of Submission of Bid
1	DSRM/ Goods/SQ/ 080/81-01	Medicine Purchase	77,200	1000	45 days/75 days	30,86,549.52	Before Jun-27,2024 (12:00 noon)

Information to deposit the cost of bid document: Global IME Bank, Doramba , Ramechhap
For Bid Doc Fee: Ac no : R904010000008 (Ga.1.1 Aantarik Rajaswo Khata Doramba)
For Bid Security : Ac no : R904010000004 (Ga.3 Dharauti Khata Doramba)
Date of Opening Bids : 13:00 hours on Date of Last Submission of Bids
Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/०२/०५

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आवहान गर्ने सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रदाताहरुमध्ये न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएका तल उल्लेखित बोलपत्रदाताहरु स्वीकृतीका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं	ठेक्काको नाम	बोलपत्रदाता को नाम	कबोल अंक (WITH VAT AND PS) रु
1	IDO-NAW(BSE)-W-NCB-UG-08-2080/81	Upgrading of Chapabhanjyang to Madhukot Vyagan Road, Baudhikali Ga.Pa	M/S Aashreeya Construction, Bhaktapur	2,16,09,933.32
2	IDO-NAW(BSE)-W-NCB-BRD-01-2080/81	Belchautara Laxmipur Keureni Baulaha Khola Motorable Bridge, Devchuli-03,12	M/S Brothers/ Devchuli, Nawalpur	6,30,58,652.82
3	IDO-NAW(BSE)-W-NCB-UG-06-2080/81	Upgrading of Chatisha to Satikot Connecting Road, Bulingtar-01	M/S R and R Civil Construction Sewa, Tansen, Palpa	2,48,27,052.28
4	IDO-NAW(BSE)-W-NCB-UG-07-2080/81	Upgrading of Bharatipur Udayapur Dhansi Road, Bulingtar-06	M/S D&B Construction , Bharatpur	4,49,46,139.83
5	IDO-NAW(BSE)-W-NCB-UG-09-2080/81	Upgrading of Binayi Triveni Dhurkot Deurali Okhari Gauda Palpa Road, Binayi Triveni-05	M/S Rojina-Myra JV, Hetauda-3	3,35,98,768.32

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com